# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ३४ पूर्णाङ्क २२४ २०७७ फागुन १० गते सोमबार Monday, 22 Feb., 2021 पृष्ठ ८ मूल्य रू. १०।-


## भारतीय गृहमन्त्रीको दाबी नेपालमा भाजपाको सरकार बनाउँछौं



काठमाडौं । भारतका गृहमन्त्री एवम् भाजपाका पूर्व राष्ट्रिय अध्यक्ष अमित शाहले नेपालमा भारतीय जनता पार्टी (भाजपा) को सरकार स्थापना गर्ने योजना रहेको बताएका छन् ।

त्रिपुराका मुख्यमन्त्री विप्लव कुमार देवले शनिबार रबिन्द्र सतबारशीकी भवनमा पार्टीको एक कार्यक्रममा छिमेकी श्रीलंका र नेपालमा भाजपा सरकार स्थापना गर्ने योजना *बाँकी २ पेजमा*

# संसदीय व्यवस्थाका विरुद्ध क्रान्तिको झण्डा उठाउने रणनैतिक संयुक्त मोर्चाको उदघोष

❑ रवि पाण्डेय/टेक मास्की/संजय तिवारी

बुटवल । चारवटा क्रान्तिकारी कम्युनिष्ट पार्टी सम्मिलित रणनैतिक संयुक्त मोर्चाका नेताहरूले संसदीय व्यवस्थाका विरुद्ध क्रान्तिको झण्डा उठाउने उद्घोष गरेका छन् । विहीवार रूपन्देहीको बुटवलस्थित ट्राफिक चोकमा आयोजित जनसभामा बोल्दै उनीहरूले संसदीय व्यवस्था जनताको व्यवस्था नभई दलालहरूको भएको भन्दैं यसको अन्त्यका लागि क्रान्तिको झण्डा उठाउंने उद्घोष गरे ।

बिभिन्न षडयन्त्र र घुसपैठलाई चिर्दै सम्पन्न भएको कार्यक्रममा मोर्चा आबद्ध नेकपा (क्रान्तिकारी माओवादी) नेत्र विक्रम चन्द बिप्लव नेतृत्वको नेकपा, विश्वभक्त दुलाल आहुति नेतृत्वको बैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल र ऋषि कट्टेल नेतृत्वको नेकपाका नेताहरूले अबको बिकल्प जनगणतन्त्रर बैज्ञानिक समाजवाद हुने दावी गरे । कार्यक्रममा बोल्दैं नेकपा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले प्रतिगामी संसदीय व्यवस्था खतम गरि संघीय जनगणतन्त्र र वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि संघर्षको आंधीबेहरी ल्याउंनुपर्नेमा जोड दिए । उनले कम्युनिष्टको नाममा मुलुकमा दलाल संसदीय व्यवस्था हावी रहेको भन्दैं यसको अन्त्यका लागि क्रान्तिकारी कम्युनिष्टहरू एकीकृत र ध्रुबीकृत हुनुपर्ने आवश्यकता औल्याए । प्रधानमन्त्री केपी ओली प्रतिगामी र प्रचण्ड-नेपाल यथास्थितिवादी सोचका साथ अगाडि बढेको भन्दैं निर्वाचन वा संसद पुर्नस्थापनाबाट मुलुकले निकास नपाउंने उनले बताए ।

मोर्चाका केन्द्रीय सदस्य समेत रहेका उनले विप्लवमाथिको प्रतिवन्ध हटाउनुपर्ने बताउँदै *बाँकी ८ पेजमा*




## वातावरण सहज बने विप्लव नेकपा वार्ता गर्न तयार



काठमाडौं । सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले वार्ता र संवादका लागि सकारात्मक रहेको बताएको छ।

नेकपाका महासचिव विप्लवले शनिबार एक विज्ञप्ति जारी गर्दै सहज गतिविधि र कार्यक्रम गर्ने वातावरण बन्ने अवस्थामा आफूहरू सरकारसँग वार्ता गर्न सकारात्मक रहेको बताएका हुन् ।

विप्लवले आफूहरूको क्रान्ति अग्रगामी रूपान्तरण एवं जनसमुदायको हित र अधिकारलागि गरिएको सचेत पहल भएको बताएका छन् ।

'आम जनसमुदायमा सहज गतिविधि र कार्यक्रम गर्ने वातावरण बन्ने अवस्थामा हाम्रो पार्टी सरकारसँग संवाद र वार्ताको लागि सकारात्मक रहेको विषय सबैमा जानकारी गराउँछौं', विप्लवद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

## बुझायो सडकबाटै ६८ बुँदे ज्ञापनपत्र

### 'स्वदेशमा रोजगार देउ, नभए बेरोजगार भत्ताको व्यवस्था गर'



काठमाडौं । नेकपा .क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग,नेपाललाई प्रधानमन्त्री केपी शर्मा ओलीले भेट्ने समय दिन इन्कार गरेपछि आइतबार बिहान हुलाक मार्फत उनको कार्यालयलाई ज्ञापन पत्र पठाएका छन् । प्रधानमन्त्री *बाँकी ५ पेजमा*

## मोर्चाका केन्द्रीय सदस्य भुसाल र केसीलाई तत्काल रिहा गर- मोर्चा

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी ) सहित चार क्रान्तिकारी पार्टी सम्मिलित रणनैतिक संयुक्त मोर्चाले मोर्चाका केन्द्रीय सदस्य भेषराज भुसाल र सदस्य देवबहादुर केसीलाई तत्काल रिहा गर्न सरकारसँग माग गरेको छ। मोर्चाले शुक्रबार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी पक्राउ परेका मोर्चाका नेताद्वय भुसाल र केसीलाई रिहा गर्न माग गरेको हो। मोर्चाद्वारा बिहीबार बुटवलमा आयोजित सभामा सहभागी भएर फर्किंदै गरेका नेता भुसाल र केसीलाई प्रहरीले बुटवलको मिलनचोकबाट पक्राउ गरेको थियो ।

मोर्चाका नेताहरू रामसिंह श्रीस *बाँकी ७ पेजमा*




## संयुक्त महिला संघर्ष समितिको अयोजनामा महिला हिंसाका विरुद्ध राजधानीमा महिला संगठनहरुको प्रदर्शन र विरोधसभा




काठमाडौं । अखिल नेपाल महिला संघ, अखिल नेपाल महिला संघ(क्रान्तिकारी), अखिल नेपाल महिला संघ क्रान्तिकारी, वैज्ञानिक समाजवादी महिला संगठन नेपाल, अखिल नेपाल महिला युनियन र नेपाल महिला फेडरेशनको संयुक्त महिला संघर्ष समितिको आयोजनामा आज काठमान्डौको शान्तिबाटिका रत्नपार्कबाट सुरु भएको विरोध जुलुर्स भोटाहिटी, असन, इन्द्रचोक हुंदै हनुमान ढोका अगाडिको डवलीमा पुगी आमसभामा परिणत भएको थियो ।

अखिल नेपाल महिला संघकी अध्यक्ष मिना पुनव्दारा स ञ्चा ल न *बाँकी ३ पेजमा*

## रणनैतिक संयुक्त मोर्चाको आवश्यकता र महत्व

***कम्युनिष्ट क्रान्तिकारीहरू बीचको एकता समयको माग र जनचाहना बन्दैं गएको पृष्टभूमिमा त्यसप्रकारको एकताका लागि यो संयुक्त मोर्चाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा छ । यसै सन्दर्भमा संयुक्त मोर्चाको घोषणा-पत्रमा भनिएकोछ ...रणनैतिक संयुक्त मोर्चा गठनको एउटा महत्वपूर्ण लक्ष्य कम्युनिष्ट पार्टीहरू बीच ध्रुविकरण र पार्टी एकताको हो ।***



● प्रेम सुवेदी ●

रणनैतिक संयुक्त मोर्चाको आवश्यकता माथि ध्यान दिंदै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिद्धारा पारित प्रस्तावमा भनिएको छ'रणनैतिक संयुक्त मोर्चा क्रान्तिको सिंगो वा विशिष्ट उप-चरणसित सम्बन्धीत र त्यसको स्वरूप पनि त्यसप्रकारका चरणहरूमा गरिने संघर्षको प्रहारको लक्ष्यसित जोडिएको हुन्छ। वर्तमान सामाजिक आर्थिक अवस्थाका सन्दर्भमा रणनैतिक संयुक्त मोर्चाको स्वरूप वा अन्तरवस्तु दलाल तथा नोकरशाही पूजीवाद, सामन्तवाद र साम्राज्यवाद/विस्तावाद विरोधि हुनेकुरा स्वतः स्पष्ट छ।'- राजनीतिक प्रतिवेदन पृष्ट-२

उपरोक्त भनाइले संयुक्त मोर्चाको आवश्यकता, अन्तरवस्तु तथा त्यसको प्रहारको केन्द्रविन्दु के हो ? भन्ने कुरा स्पष्ट गर्दछ। रणनैतिक संयुक्त मोर्चा वा कार्यनैतिक संयुक्त मोर्चा निश्चित पार्टी वा व्यक्तिको चाहाना वा मनोगत सोचाइमा होइन, वस्तुगत आवश्यकता अनुसार नै निर्माण हुने गर्दछन् । समाजमा रहेका अन्तरविरोध तथा आर्थिक राजनैतिक संकटको समाधान गर्ने उद्देश्यमा नै यसप्रकारका मोर्चाहरू निर्माण भएका इतिहासहरू पाइन्छन् । अहिले नेपालको राजनीतिक वि त ा ि म ा *बाँकी ३ पेजमा*

## सम्पादकीय

# फागुन ६ को बुटवलको सन्देशलाई बलियो गरी पक्रेर अगाडि बढौ

नयाँ जनवादी कार्यक्रम र बैज्ञानिक समाजवादको रणनीतिमा एक भएका चारवटा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले माघ २९ गते रणनैतिक संयुक्त मोर्चा बनाएको घोषणा गरेपछि यी दलका नेता कार्यकर्ता मात्रै उत्साहित भएका छैनन्, विभिन्न कम्युनिष्ट पार्टीहरू, वामपन्थी, देशभक्त तथा सच्चा लोकतन्त्रवादी शक्ति तथा व्यक्तित्वहरू र आमूल परिवर्तनका पक्षधर जनपंक्तिलाई समेत उत्साहित बनाएको छ। यसै सन्दर्भमा फाल्गुन ६ गते मोर्चाले बुटवलमा आयोजना गरेको पहिलो जनसभामा जनताको उर्लदो लहरसंगै के स्पष्ट भएको छ भने सारमा नेपाली जनता वर्तमान दलाल संसदीय व्यवस्थाबाट मुक्ति चाहन्छन्।

रणनैतिक संयुक्त मोर्चाको पहिलो चरणको संघर्षका कार्यक्रमअनुसार माघ २९ गते भव्य समारोहका बीच मोर्चाको घोषणा सभा काठमाडौँमा सम्पन्न गरिएको थियो। त्यसपछिको उपत्यका बाहिर गरिने कार्यक्रमहरूमा फागुन ६ गते बुटवल, रूपन्देही, फागुन १४ गते धनगढी, कैलाली, फागुन १८ गते इटहरी, सुनसरीमा जनसभाहरू गर्ने घोषणा गरिएको थियो। पहिलो चरणका यी कार्यक्रमपछि दोस्रो चरणका संघर्षका कार्यक्रमहरू सार्वजनिक गरिने भनिएको छ।

नेपालको संविधान २०७२पछि नेपालको इतिहासमै पहिलो पल्ट चारवटा क्रान्तिकारी कम्युनिष्ट पार्टी सम्मिलित रणनैतिक संयुक्त मोर्चाले संसदीय व्यवस्थाका विरुद्ध क्रान्तिको झण्डा उठाउने उद्घोष गरेअनुसार फाल्गुन ६ गते उनीहरूको आव्हानमा बुटवलको जनसभा संसदीय व्यवस्थाका विरुद्ध क्रान्तिको झण्डा उठाउने उद्घोष गरिएको पहिलो जनसभा बन्यो। र उपत्यका बाहिर रूपन्देहीको बुटवलस्थित ट्राफिक चोकमा आयोजित जनसभामा बोल्दै चार पार्टीका नेताहरूले संसदीय व्यवस्था जनताको व्यवस्था नभई दलालहरूको भएको भन्दैं यसको अन्त्यका लागि क्रान्तिको झण्डा उठाउंने उद्घोष गरे।

नयाँ जनवादी कार्यक्रम र बैज्ञानिक समाजवादको रणनीतिको प्राप्तीका लागि एक भएका यी चार पार्टीले माघ २९ गते रणनैतिक संयुक्त मोचाको घोषणा वक्तव्यमै भनेका थिए-"हामी विभिन्न कम्युनिष्ट पार्टीहरू, वामपन्थी, देशभक्त तथा सच्चा लोकतन्त्रवादी शक्ति र व्यक्तित्वहरूलाई यस रणनैतिक संयुक्त मोर्चामा सामेल हुन आह्वान गर्दै सम्पूर्ण न्यायप्रेमी तथा आमूल परिवर्तनका पक्षधर जनसमुदायलाई जन संघर्षमा लामबद्ध हुन हार्दिक अपिल गर्दछौं।"

उनीहरूको यो संयुक्त अपिलमा आव्हान गरिएअनुसार बुटवलको जनसभामा देखिएको जनसमर्थनले अबको बिकल्प जनगणतन्त्र र बैज्ञानिक समाजवाद हुने सम्भावनाको संकेत गरेको छ। फाल्गुन ६ गतेको बुटवलको जनसभामा जुन जनलहर देखियो, यसले पहिलो चरणका कार्यक्रमपछि आउने दोस्रो चरणका संघर्षका कार्यक्रमहरू झन प्रभावकारी र जनताका चाहनाहरूलाई समेटन सफल हुने छ।

मोर्चाको पहिलो कार्यक्रममा जनताको उर्लदो भेललाई रोक्न वर्तमान दलाल सरकारले रणनैतिक संयुक्त मोर्चाको जनसभालाई सम्बोधन गरेर फर्कने क्रममा मोर्चाका सदस्य भेषराज भुसाललाई बुटवलको मिलन चोकबाट प्रहरीले पक्राउ गरयो। पक्राउ प्रति मोर्चाले पत्रकार सम्मेलनव्दारा घोर आपति तथा निन्दा ब्यक्त गरेको छ।

यस्ले के संकेत गरेको छ भने संसदीय व्यवस्थाका विरुद्ध उत्पीडित जाति-समुदाय क्रान्तिमा गोलवन्द हुन नदिन राष्ट्रिय अन्तराष्ट्रिय प्रतिक्रियावादी शक्ति र उनीहरूका देशभित्रका दलालहरूका हरेक षडयन्त्रलाई चीदै क्रान्तिको झण्डालाई उचा उठाउन मोचाले संघर्षका सबै रूपहरूलाई संगठित र परिचालित गर्नै पर्छ।

यसले के स्पट सन्देश दिएको छ भने नेपालको राजनीतिक रंगमञ्चमा एउटा क्रान्तिकारी राजनीतिक धार रणनैतिक संयुक्त मोर्चाको रूपमा अगाडि आएको छ .। यो धारलाई नेपाली राजनीतिको अबको मूलधार बनाउन र मूलुकलाई अग्रगामी तथा क्रान्तिकारी राजनीतिक निकास दिन यो धारलाई सबल र प्रबल बनाउन जरुरी छ . त्यसका लागि अब चाँडै बाँकी क्रान्तिकारीहरूलाई पनि संयुक्त मोर्चामा ल्याउन र यो क्रान्तिकारी संयुक्त मोर्चालाई क्रान्तिकारी पार्टी एकतामा रूपान्तरण गरी शक्तिशाली क्रान्तिकारी पार्टी निर्माण गर्न जरुरी छ .। त्यसैगरी कार्यगत एकतामा रहेका २३ राजनीतिक संगठनबीच पनि संघीय जनगणतन्त्र र वैज्ञानिक समाजवादको मुद्दामा एक ठाउँ आउने, ल्याउने वातावरण सिर्जना गर्न जरुरी छ . यो अहिलेको समयको माग र इतिहासले क्रान्तिकारीहरूलाई सुम्पेको प्रमुख जिम्मेवारी र दायित्व पनि हो। .यसरी संयुक्त मोर्चालाई पार्टी एकतामा विकसित गर्न सकिएको खण्डमा क्रान्तिकारी ध्रवीकरणले तीव्रता पाउने वस्तुगत अवस्था सुदृढ बनेर गएको छ। क्रान्तिका लागि यो स्वर्णिम अवसर रहेको अहिलेको वर्तमान अवस्थामा क्रान्तिकारीहरूको आत्मगत अवस्थालाई सुदृढ पार्ने र विकसित राजनीतिक परिस्थितिमाथि पहलकदमी बढाउँदै परिस्थितिलाई लक्ष्य र उद्देश्य अनुसार दिशा दिन सक्ने स्थिति प्रबल बनेर गएको छ।. केही निहीत महत्वकांक्षा र आग्रहहरूलाई तपशीलमा राखेर मिलेका कुराहरूबाट एकताको प्रक्रिया अगाडि बढाउने र नमिलेका कुराहरूलाई पार्टीका विभिन्न निकायहरूमा छलफल बहस गर्दै टुंग्याउने गरी पार्टी एकताको कोर्स अगाडि बढाउनु अहिलेको अपरिहार्य आवश्यकता बनेको छ। संघीय जनगणतन्त्र र वैज्ञानिक समाजवादलाई केन्द्रमा राखेर गरिने सिद्धान्तनिष्ठ एकताले अबरुद्ध बनेको समाजको आर्थिक-सामाजिक रूपान्तरणलाई अवश्यै पुनः तीव्रता दिनेछ . र, वास्तविक रूपमा शोषित उत्पीडित वर्ग र समुदायको राजनीतिक व्यवस्था स्थापना गर्न सकिने छ . जसले बर्षौंदेखि हल गर्न नसकेको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको दीर्घकालीन समाधान दिन सक्नेछ। यसतर्फ सबै छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूले बेलैमा ध्यान दिन जरुरी छ . र, इतिहासले सुम्पेको जिम्मेवारी बहन गर्न क्रान्तिकारी सयुक्त मोर्चामा संलग्न सबैले आ-आफ्नो ठाउँबाट गम्भीरताका पहल बढाउन जरुरी छ। र वर्तमान रणनैतिक संयुक्त मोर्चाको रूपमा अगाडि आएको क्रान्तिकारी राजनीतिक धारलाई नेपाली राजनीतिको अबको मूलधार बनाउन र जनताको परिवर्तनकारी धारमा रूपान्तरणको आवश्यकता देखिएको छ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौं।

www.moolbato.com

# मार्क्सवादीहरुका लागि संसद र संसदीय निर्वाचन प्रणालीलाई ध्वस्त पार्नु किन आवश्यक छ ?



● हुकुमबहादुर सिंह ●

***मार्क्सले कम्युनिष्ट पार्टीको घोषणापत्रमा ...सर्वहाराको निम्ति गुमाउनको लागि नेल र हतकडि वाहेक अरु केहि पनि हुदैन तर जित्नको लागि सारा संसार छ □ भनेका थिए तर नेपाली कम्युनिष्टहरूले व्यवहारमा नेपालका शोषित पीडितवर्गहरू, उत्पीडित मजदुर, किसान, महिला, जनजाति, दलित आदिलाईलाइ परिवर्तन र क्रान्तिको आधारभूत वर्ग नै मानेका छैनन। उनीहरूका लागि दलाल नोकरशाहा, पुँजीपति, ठेकदार, विचौलिया, जल तथा भूमाफीया, शैक्षिक माफियाहरू उनीहरूका चुनाव जित्ने आधार बनेका छन् अनि कसरी यस्ता कम्युनिष्टहरू, जसले आफ्नो वर्गआधार छाडिसकेका छन्, बाट मार्क्सले भनेको परिवर्तन र क्रान्तिको आधारभूत वर्ग उनीहरूले उठाएको संसदीय झण्डाको वोरीपरी गोलवन्द भएर त्याग र बलिदान दिएर उनीहरूको मुक्ति सम्भव हुन सक्ला ?***

संसद र संसदीय निर्वाचन प्रणालीमा भाग लिनु भनेको नेपालको सन्दर्भमा भारतीय तथा अन्य वैदेशिक प्रतिक्रियावादीहलाई नेपालको सरकारमा उनीहरूको हस्तक्षेपका लागि ढोका खुला राख्नु हो। संसदमा अनेकौ राजनीतिक दलहरू हुन्छन, तिनीहरूले संसदीय निर्वाचनमा नीर्वाचित हुनका लागि तथ नीर्वाचित भएपछि सरकारमा जानका लागि देशभित्रका र वाह्य दलाल नोकरशाहा, पुँजीपति, ठेकदार, विचौलिया, जल तथा भूमाफीया, शैक्षिक माफियाहरूका लागि आफूलाई बन्दकी राख्नु पर्ने हुन्छ।

यसो उनीहरू नेपालको विद्यमान प्रीतिक्रियावादी राज्यसतालाई अझ बलियो बनाउन मद्त गर्दछन्। बहुराष्ट्रिय कम्पनीहरूसंग देशको राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सवाललाई निर्वाचनमा जित्नका लागि उनीहरूसँग सौदावाजी गर्दछन्। र देशभित्रका र वाह्य दलाल नोकरशाहा, पुँजीपति, ठेकदार, विचौलिया, जल तथा भूमाफीया, शैक्षिक माफियाहरूलाई उनीहरूका चुनाव जित्ने आधार तयार पर्ने का मगर्दछन्। यही भइरहेको छ, नेपालका हरेक निर्वाचन र विश्वमा भएका संसद र संसदीय निर्वाचनमा पनि।

पुँजीवादीहरूले संसदीय व्यवस्थाको सवैभन्दा राम्रो पक्ष आवधिक निर्वाचन प्रणालीको पद्वति र प्रक्रियालाई नै वताउँदै आइरहेका छन् र जनतामा पनि यसले काफी भ्रम पारिरहेको छ। र जनता हरेक आवधिक निर्वाचनमा भागलिंदै आइरहेका छन्। जनता मात्रै नभई नेपालमा लामो समयदेखि आफूलाई मार्क्सवादी-लेनिनवादी पार्टीको नेता तथा कार्यकर्ता भन्नेहरूले समेत विभिन्न वहानामा नेपालमा गरिएका हरेक संसदीय निर्वाचनमा भाग लिदै आएका छन्। कहिले संसदीय व्यवस्थाको निर्वाचनको उपयोगद्धारा त्यसको भण्डाफोर गर्न निर्वाचनमा भाग लिने भनेका छन् त कहिले राजावादी र काँग्रेसका विरुद्ध वामपन्थीलाई जीताउन निर्वाचनमा भाग लिने भनेका छन। जे जसरी भाग लिएता पनि मार्क्सवादी-लेनिनवादी पार्टीको नेता तथा कार्यकर्ताहरू, जो निर्वाचनमा भाग लिएर कोही सिमित संख्यामा नीर्वाचित भएर संसदमा जान्छन् उनीहरूको अवस्था कौवाको बथानमा बकुलाजस्तै भएको छ। देश र जनताको पक्षमा परिवर्तनका लागि कुनै प्रभावकारी भूमिका रहेको छैन। होस पनि कसरी जवकि तिनै संसदवादी कांग्रेस र कम्युनिष्टहरूको बैशाखीमा दुई चार सिट जितेका हुन्छन्।

विश्वमा चलेका पुँजीवादी निर्वाचन प्रणालीको पद्वति र प्रक्रिया वारेमा विरोधको स्वरमा त्यति पनि बोलेका हुँदैनन, जति स्वयम पुँजीवादी पार्टीका नेताहरू र वुद्धिजीवीहरूले

वर्तमानमा विश्वमा चलेको निर्वाचन प्रणालीमा जे जस्ता समस्याहरू छन्, त्यसमा व्यापक आलोचना गरिरहेका छन्। प्रजातन्त्रको नाममा वर्तमान विश्वमा जे जसरी निर्वाचनहरू गरिन्छन, ती सवै अप्रजातान्त्रीक छन, अवैज्ञानिक छन् भनेर स्वयम् पुँजीवादी पार्टीका नेताहरू र वुद्धिजीवीहरूले बोलिरहेका छन्।

समावेशी प्रजातन्त्रका एक विचारक टाकिस फोटोपाउलसको भनाइमा त समावेशी प्रजातन्त्र जसले शक्तिको सवै तहमा समान वितरणको अवधारणा लिन्छ , वर्तमान पुँजीवादी प्रतिनिधिमूलक प्रजातन्त्रमा भएको महत्वपूर्ण कमजोरी हो र वर्तमान संकटको समाधानको एउटा बाटोको रूपमा उनले प्रतिनिधिमूलक प्रजातन्त्रलाई खारेज गरी त्यसको ठाँउमा प्रत्यक्ष प्रजातन्त्रमा आधारित निर्वाचन प्रणालीमा जोड दिएका छन्।

उनीहरूको जोड छ कि अमेरिकी र वेलायती मोडलको प्रतिनिधिमूलक प्रजातन्त्रमा राजनीतिक क्षेत्रमाथि जनताको 'शक्ति' को प्राधिकार हूदैन। त्यसले यो मान्यता राख्दैन की जनता र जनता नै सामूहिक रूपमा सवै राजनीतिक कार्यहरूको वारेमा निर्णयहरू लिनुपर्छ त्यो छैन् फलस्वरूप प्रतिनिधिमूलक प्रजातन्त्र आज एउटा झुटो वा नक्कली प्रजातन्त्र भएको छ। किनभने त्यसमा 'मेरो इच्छा' को प्रतिनिधित्व भएकोछ, अन्यको इच्छाको प्रतिनिधित्व भएकै छैन्। मतलव तिमि आफै प्रत्यक्ष रूपले आफनो इच्छा व्यक्तगर्न सक्दैनौ अथवा तिम्रो लागि निर्णय गर्ने अर्को व्यक्ति हुन सक्दैन भएको छ। यसकारण वर्तमान प्रतिनीधिमूलक प्रजातन्त्र जहाँ जनता प्रत्यक्षरूपले र सामूहिक रूपले उनीहरूको राजनीतिक जीवनमा हरेक महत्वपूर्ण क्षेत्रहरूमा आफै निर्णय गर्न पाउदैनन्, त्यसलाई किन निरन्तरता दिइरहने ?

लेनिनले पुँजीवादी प्रकारको निर्वाचन प्रणालीलाई 'खसिको टाउको झुण्डाएर कुकुरको मासु वेच्ने' सभा भनेका छन। लेनिनको यो भनाई वैज्ञानिक विश्लेषणमा आधारित थियो, र स्वयम पुँजीवादी प्रजातन्त्रका विचारकहरूले पनि अहिले आएर प्रतिनिधिमूलक प्रजातन्त्रले गर्दा नै विश्वमा संकट ल्यायो भन्ने ठहर छ। यसवाट हामी प्रश्न गर्न सक्छौ यस्तो संकट निम्त्याउने अमेरिकी र बेलायती प्रजातन्त्रको मोडल, जसलाई वर्तमानमा विश्वभरी प्रचारप्रसार गरिन्छ कसरी राम्रो भन्न सकिन्छ ? लेनिनको विश्लेषणले पुँजीवादी प्रकारको निर्वाचन प्रणालीको खरावीको मूल जरोलाई समातेर त्यसको दृघकालिन निकासको मार्ग सर्वहारा वर्गको नेतृत्वमा समाजवादी क्रान्ति नै हो भनेका छन्। यसैले हामीले यस्तो प्रणालीको स्थापना गर्न पर्दछ, जसले एकातीर सबै नागरीकको आधारभुत आवस्यकता पुरा गर्न सकोस

र आर्कोतीर के रोज्ने भन्ने उनीहरूको स्वतन्त्रता सुनिस्चित गर्न सकोस। यसको लागि यस्तो समाजको निर्माण गर्नु आवश्यकता छ जसमा गरिव किसान तथा मजदूरवर्गले आफै आ□नो निर्णय गर्दछन, जसको कारण उनीहरूको राजनीति, आर्थिक र सामाजिक क्षेत्र माथिको नियन्त्रण कायम हुन जान्छ। विभिन्न टाठावाठा तथा हुनेखानेहरूको हातमा शक्ति केन्द्रीत, खासगरी आर्थिक शक्ति केन्द्रीत हुन दिदैन, जसले वर्तमानका सबैखाले संकटको लागि इन्धन दिने र जगको लागि काम गरेको छ। पुँजीवादी प्रजातन्त्रमा 'चेरिस्मेटिक' नेताहरूको विचमा चुनाव एउटा सुन्दरी प्रतियोगिता भएको छ जह विभिन्न प्रकारका नयाँ-नयाँ वोतलहरूमा उही एउटै पुरानो रक्सि राखेर आ□ना मतदाताहरूको ध्यानलाई आफूतीर आकर्षण गर्नको लागि संघर्षरत हुन्छ। यी सबैको नतिजा एउटै भएको छ, त्यो भनेको पुँजीवादी राजनीतिमा एउटा संकट उत्पन्न भएको छ र यो काम नागरीकहरूमा राजनीतिक दलहरूको सदस्यहरूको रूपमा, मतदाताहरूको रूपमा भागलिनको लागि अरूची बढदै जानु हो। वर्तमानमा 'आतंकवाद विरूद्वको युद्व' जुन वहुराष्ट्रिय सम्पन्नवालाहरू र राष्ट्रिय सम्पन्नवालाहरूद्वारा बिश्वभरी चलाइएको छ, यो एउटा यस्तो 'युद्व' भएको छ , जसले बिश्वलाई पुनः मध्य युगतिर पछि धकेल्ने कोशिस गर्दैछ र यसको कारण र त्यसको असर दुवै विभिन्न समपन्नवालाहरूको हातमा शक्ति केन्द्रीत गर्न खोज्नु नै हो।

मार्क्सवाद–लेनिनवाद र वर्तमान अवस्थामा माओवाद(माओविचारधारा)ले संसदीय प्रणालीलाई सैद्धान्तिक वा रणनीतिक रूपले अस्विकार गर्दछ। तर कुनै खास अवस्थामा सिमित रूपमा र अर्थमा संसदीय प्रणाली अन्तरगत गरिने निर्वाचनलाई समर्थन गर्दछ, भाग लिन्छ। तर नेपाली कम्युनिष्ट आन्दोलनको सन्दर्भमा नेपालका कम्युनिष्टहरूले संसदीय प्रणाली अन्तरगत गरिएका निर्वाचनलाई समर्थन गरेर र भाग लिएर नेपाली सर्वहारावर्गीय क्रान्तिलाई फाइदाभन्दा वेफाइदा नै भएको इतिहास छ।

नेपालका कम्युनिष्टहरू, जसले संसदीय प्रणाली अन्तरगत गरिएका निर्वाचनलाई समर्थन गरेर र भाग लिएर नेपाली सर्वहारावर्गीय क्रान्तिलाई फाइदा पुगिरहेको छ भनिरहेका छन् र निरनतर भागलिइरहने पक्षमा छन्, त्यसवारे उनीहरूले निम्न सवालहरूवारे आफूलाई स्पष्टत पार्नु आवश्यकछ।

प्रथम के विगत र वर्तमानमा हरेक संसदीय निर्वाचनमा उनीहरूले भाग लिएर देशका विभिन्न शोषित पीडितवर्गहरू, उत्पीडित मजदुर, किसान, महिला, जनजाति, दलित आदिलाई शोषणवाट मुक्ति दिन सक्ने सम्भावना देखेका छन् ? यदि देखेका छन् भने के त्यसको प्राप्तिको निम्ति उनीहरूलाई संसदले राजनीतिक रूपले संगठीत गर्ने, आन्दोलनमा लाग्न उत्प्रेरित गर्ने प्रावधानहरू संसदीय व्यवस्थाको संविधान र नियम कानुनमा राख्न सकेकाछन् ? केवल दुई चारजना संसदलाई त्यो पनि अन्य संसदीय दलसंग सिटकोलागि सौदावाजी गरेर संसदमा पठाएका हुन्छन् केवल सरकार र संसदको तलव, भत्ता र अन्य सुवीधामा हिस्सेदारी सिवाय अरु केही देखिएको छैन।

द्धितीय के नेपालका शोषित पीडितवर्गहरू, उत्पीडित मजदुर, किसान, महिला, जनजाति, दलित आदिलाईलाई राष्ट्रिय राजनीतिको हरेक स्तरमा सहभागिताको लागि आवाज उठाउने अधिकारको सुनिस्चितता गर्न सक्छन् ? तृतीय के उनीहरूका आधारभूत समस्याहरूको समाधान गर्न सक्छन ? चौथो के क्रान्तिकारीहरूले भागलिएको संसदले अहिलेको वर्गीय विभेदलाई अन्त गर्न मद्त गर्छ र पाचौ के त्यसले वर्तमान अवस्थामा रहेका सम्पूर्ण राज्यव्यवस्था खासगरि पुँजीवादी साम्राज्यवादी व्यवस्थाको नै अन्त्य भएर देशमा एउटा क्रान्तिकारी परिवर्तनद्वारा सर्वहारावर्गको शासनव्यवस्था स्थापनाको अभियानमा मदत दिन्छ।

मार्क्सले कम्युनिष्ट पार्टीको घोषणापत्रमा 'सर्वहाराको निम्ति गुमाउनको लागि नेल र हतकडि वाहेक अरु केहि पनि हुँदैन तर जित्नको लागि सारा संसार छ ! भनेका थिए तर नेपाली कम्युनिष्टहरूले व्यवहारमा नेपालका शोषित पीडितवर्गहरू, उत्पीडित मजदुर, किसान, महिला, जनजाति, दलित आदिलाईलाइ परिवर्तन र क्रान्तिको आधारभूत वर्ग नै मानेका छैनन। उनीहरूका लागि दलाल नोकरशाहा, पुँजीपति, ठेकदार, विचौलिया, जल तथा भूमाफीया, शैक्षिक माफियाहरू उनीहरूका चुनाव जित्ने आधार बनेका छन् अनि कसरी यस्ता कम्युनिष्टहरू, जसले आफ्नो वर्गआधार छाडिसकेका छन्, बाट मार्क्सले भनेको परिवर्तन र क्रान्तिको आधारभूत वर्ग उनीहरूले उठाएको संसदीय झण्डाको वोरीपरी गोलवन्द भएर त्याग र बलिदान दिएर उनीहरूको मुक्ति सम्भव हुन सक्ला ?

त्यसैले मार्क्स र लेनिनले भनेझै नेपालको संसदीय व्यवस्थाको निर्वाचनमा भाग लिएर वा उपयोग गरेर सर्वहारा क्रान्तिलाई फाइदा पुग्छ भन्ने सपना देख्ने र सपना बाडनेहरू साँचो अर्थमा मार्क्सवादी-लेनिनवादी नै होइनन। संसदीय निर्वाचन प्रणालीमा एउटा मार्क्सवादी-लेनिनवादी पार्टीले भागलिएर जनताको सेवा गर्न र नयाँ जनवादी क्रान्ति हुँदैवैज्ञानिक समाजवाद तर्फ अगाडि बढनका लागि मद्त पुग्छ भनेर संसदीय निर्वाचनमा भाग लिनु र जनतालाइ निर्वाचनमा भागलिन लगाउनु क्रान्तिको नाममा भ्रम सिवाय केही होइन।

*singhhukum683@gmail.com*

## भारतीय...

शाहको योजना रहेको खुलासा गरेका हुन्।

भारतका धेरैजसो राज्यहरूमा विजयी भएपछि छिमेकी देशहरूमा पार्टी स्थापना गर्ने योजनामा शाह रहेको देवलाई उदृत गर्दै भारतीय सञ्चारमाध्यम इस्टमोजोले जनाएको छ।

'हामी राज्यको गेस्ट हाउसमा कुरा गरिरहेका थियौं, जब अजय जामवालले (भाजपाको उत्तर-पूर्व अञ्चल सचिव) ले भारतका धेरै राज्यमा बीजेपीले आफ्नो सरकार गठन गरेको भने' शाहले भने, 'अब श्रीलंका र नेपाल बाँकी छ। हामीले श्रीलंका, नेपालमा पार्टी विस्तार गर्नुपर्नेछ र सरकार गठन गर्न त्यहाँ जित्नुपर्नेछ' देवले अमित शाहको भनाई उदृत गर्दै भने। देवले भने कि अमित शाहको नेतृत्वमा मात्रै बीजेपी विश्वको सबैभन्दा ठूलो पार्टी भयो।

'कम्युनिष्टले उनीहरूको पार्टी संसारको सब भन्दा ठूलो हो भन्ने दाबी गरेका थिए जसलाई अमित शाहले भाजपालाई विश्वको सबैभन्दा ठूलो पार्टी बनाएर तोडे। दीनदयाल उपाध्यायको पार्टी, श्यामा प्रसादको पार्टी, पृथ्वी प्रधान पार्टी' देवले थपे।

विपक्षी सीपीआईएम र कांग्रेसले सार्वजनिक बैठकमा त्रिपुराका मुख्यमन्त्रीले गरेको दाबीको बारेमा केन्द्रीय नेतृत्वबाट कारबाही र स्पष्टीकरणको माग गरेका छन्।

'मुख्यमन्त्रीले बयान दिएका छन् कि अमित शाह, जब पार्टीका अध्यक्ष थिए, भाजपा नेपाल, बंगलादेश र श्रीलंकामा आफ्नो सरकार स्थापना गर्ने लक्ष्यमा छ। यसको अर्थ उनीहरूले विदेशका मामिलामा हस्तक्षेप गरिरहेका छन ' सीपीआईएम नेता र पूर्व सांसद जितेन्द्र चौधरीले भने, 'वर्तमान गृहमन्त्री अमित शाह नेपाल विरुद्ध राज्य षडयन्त्रमा संलग्न छन्। शाहले पनि भनेका छन र प्रमाण हाम्रो त्रिपुरा राज्यमा संवैधानिक पदको व्यक्तिले दिएको छ।'

उनले यो पनि माग गरे कि भाजपाले दिएको बयानको बिरूद्ध जवाफ दिनुपर्नेछ किनभने राज्यका एक निर्वाचित मुख्यमन्त्रीले भनेका अरु कुनै पनि कुरा थिएन र यो यथार्थतापूर्वक लिनु हुँदैन।

'भाजपाले यसको जवाफ दिनुपर्दछ र प्रधानमन्त्री नरेन्द्र मोदीले पनि यस विषयमा बोल्नु पर्छ' चौधरीले भने।

मुख्यमन्त्री विप्लव कुमार देवलाई प्रतिक्रिया व्यक्त गर्दै प्रदेश कांग्रेसका उपाध्यक्ष तपस डेले भने कि भारत साम्राज्यवादमा विश्वास गर्दैन र धेरै वर्षसम्म उस्तै लडिरहेको छ।

'यो दुर्भाग्यपूर्ण छ कि त्रिपुराका मुख्यमन्त्री साम्राज्यवादका समर्थक हुन्। श्रीलंका र नेपाल दुवै सार्वभौम देशहरू हुन् र हामी उनीहरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्न वा केही गर्न सक्दैनौं' डेले भने, 'यो एक सार्वभौम देशको एक मुख्यमन्त्रीले भनेको देश विरोधी बयान हो। हामी उनको बिरूद्ध राष्ट्रिय बयानको लागि कारबाहीको माग गर्दछौं।'

# शक्ति र बलप्रयोगको केन्द्रीय संस्था–राज्यसत्ता



● पुष्प गोपाल श्रेष्ठ

हामी अहिले जुन धरातलमा उभिरहेका छौं, यो धरातलभित्रको वस्तुगत स्थिति भनेको पूर्णतया वर्गीय विभेदले जकडिएको सामाजिक स्थिति हो। यो वर्गीय विभेदपूर्ण सामाजिक स्थितिको वास्तविक यथार्थता जान्न र बुझ्न अत्यावश्यक छ। के मानव समाज, वर्तमानको वर्गीय विभेदपूर्ण स्थितिबाट जन्मिएको (उत्पति) हो ? होइन, पक्कै पनि सुरुमा मानव-समाज यस्तो विभेदपूर्ण थिएन र अनि त्यस्तो समाजमा वर्गीय विभेद हुने कुरै भएन। यसै सन्दर्भमा हामीले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरो भनेको मानव-समाज विकासको ऐतिहासिक प्रक्रिया, उत्पादन पद्धतिको विकासको प्रक्रियामा आधारित छ। र मानव-समाजको समग्र ऐतिहासिक प्रक्रियालाई उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आर्थिक आधार र उपरिसंरचनामा तथा उत्पीडक र उत्पीडित वर्गको रूपमा वर्गीय विभेदकारी स्थिति सृजना हुन आएको हो।

भौतिकवादी इतिहासविदहरूका अनुसार करिबंण १५ अर्व वर्ष पहिले यो विश्व (ब्रम्हाण्ड)को स्वनिर्माण भएको थियो। करिब ४ अर्ब ८० करोड ४० लाख वर्ष पहिले अफ्रिका र दक्षिणपूर्वी एसियाका विभिन्न क्षेत्रहरूमा अष्ट्रेलोपिथेकस नामको मानव देखापर्‍यो। करिब ४० हजार वर्ष पहिले आधुनिक (प्रज्ञा मानव) ज्रूयकबउभभलक को विकास भयो। यसरी मानवु-समाजको विकासक्रमको पहिलो चरण आदिम सामुदायिक बाँदरबाट भयो र पूर्ण विकसित मानवको उदयसँगै समाजको जन्म भयो।

मानव समाज विकासक्रमको पहिलो स्थिति (व्यवस्था) मातृसतात्मक समाज थियो। जसको सामाजिक व्यवस्था पूर्णतः सामूहिकस्वामित्वमा आधारित थियो। त्यतिवेलाको त्यो सामूहिक स्वामित्वमा आधारित सामाजिक व्यवस्थाको राजनीतिक अर्थ गोत्र कम्युनमा आधारित आदिम साम्यवादी व्यवस्था हो। गतिशील समय संगसंगै विकासोन्मुख समाजका मानवोचित आवश्यकता परिपुर्ति गर्न उत्पादन पद्धतिको विकाससँगै मानव समाजमा पनि फेरबदल आयो र मातृसतात्मक युगबाट पितृसत्ताको उदय भयो। यससँगै सामूहिक स्वामित्वबाट निजी स्वामित्वमा संक्रमणको सुरुवात हुन पुग्यो। यसरी मानव-समाजमा उत्पादन पद्धतिको विकाससँगै एक आपस्तको परस्पर विरोधी उत्पीडक र उत्पीडित वर्गको रूपमा वर्गीय विभेदपूर्ण समाजको सृजना भयो। र जसको कारण आज हाम्रो सामु रहिआएको वर्गीय विभेदलाई निर्मूल गर्नुको नाउँमा त्यतिबेलाका टाठा बाठाहरूले उक्त सामाजिक सत्ता र कर असुल गर्ने अधिकार आफ्नो हातमा लिएर पदाधिकारीहरू समाजको एक अङ्गको रूपमा समाजभन्दा माथि रहने गरी थोपारिल्याएको राज्य व्यवस्थाको मूल उद्देश्य हो राज्य-उत्पीडितवर्गको शोषण गर्ने साधन मात्र हो।

राज्यको सन्दर्भमा फ्रेडरिख एङ्गेल्सको सबभन्दा लोकप्रिय कृति 'परिवार व्यक्तिगत सम्पति र राज्यको उत्पति' भन्ने पुस्तकमा आफ्नो ऐतिहासिक विश्लेषणबाट निष्कर्ष झिक्दै एङ्गेल्स भन्नु हुन्छ-'राज्य भनेको यस्तो शक्ति कदापि होइन, जुन बाहिरबाट समाजमा थोपरिएको हुन्छ। राज्य न त 'कुनै नैतिक विचारको मूर्तरूप' अथवा 'विवेकको मूर्त तथा वास्तविक रूप' नै हो, जस्तो कि हेगेल भन्नु हुन्छ। राज्य यस कुराको स्वीकारोक्ति हो कि त्यो समाज स्वयं आफैंमा सुल्झाउनै नसकिने उल्झनपूर्ण अन्तरविरोधहरूमा जेलिएको छ, समाधान गर्नै नसकिने विरोधाभासहरूले विदीर्ण भएको छ र यसबाट छुटकारा पाउनु उसको सामर्थ्यको कुरा रहन गएको छैन। तसर्थ, यी अन्तरविरोधहरू र परस्पर विरोधी आर्थिक स्वार्थहरू भएका वर्गहरूले निरर्थक संघर्षमा एक अर्कालाई आपसमा र पूरै समाजलाई नष्ट नगरुन् भन्ने हेतुले नै समाजभन्दा माथि रहेको प्रतित हुने शक्तिको खाँचो पर्न गयो, जुन शक्तिले संघर्षलाई सामसुम पार्न सक्दथ्यो र त्यसलाई 'व्यवस्थाको' सीमाभित्र राख्दथ्यो। समाजबाट उत्पन्न भएको तर समाजोपरिस्थान ग्रहण गर्ने र समाजबाट झन् झन् टाढिंदै जाने यो शक्ति नै राज्य हो' (छैटौं जर्मन संस्करण, पृष्ठ १७७ - १७८)।

एङ्गेल्सको यो अत्यन्तै गहकिलो हुनुको सँगै अत्यन्तै महत्वपूर्ण भनाइले, युगौंदेखि मानव-समाजमा जक्रिन्दै आइरहेको राज्य सम्बन्धी अवधारणालाई जबरजस्त रूपले चिर्दै, यहाँ राज्यको ऐतिहासिक भूमिका एवम् महत्वसम्बन्धी प्रश्नमा मार्क्सवादको आधारभूत विचार पूर्णतः स्पष्ट रूपमा अभिव्यक्त भएको छ। राज्य त्यहाँ, त्यसबेला र त्यही हदसम्म उत्पन्न हुन्छ, जहाँ, जुनबेला र जुन हदसम्म वर्गीय अन्तरविरोधहरू वस्तुपरक रूपमा समाधान सम्भव छैन भन्ने पुष्टि गर्छ।

राज्यको प्रश्नमा र नयाँ जनवादी क्रान्ति तथा समाजवादी क्रान्तिको प्रश्नमा पनि मार्क्सद्वारा लागु गरिएको वर्गसंघर्षसम्बन्धी सिद्धान्तले सर्वहारावर्गको राजनैतिक प्रभुत्व, उसको अधिनायकत्व अर्थात कसैसंग पनि नवाँडिएको र आमजनताको सशस्त्र शक्तिद्वारा प्रत्यक्ष रूपले समर्थन गरिएको उसको सत्तालाई अनिवार्य रूपमा मान्यता प्रदान गर्दछ। पूँजीजीवीवर्गको अनिवार्य र कठोर प्रतिरोधलाई दबाउने तथा नयाँ आर्थिक व्यवस्थाको निम्ति सारा श्रमिक र शोषित जनसमुदायलाई संगठित गर्ने क्षमता भएको सत्तारुढ वर्गमा परिणत भएर मात्र सर्वहारावर्गले पूँजीजीवीवर्गलाई ढाल्न सक्दछ।

यो सत्यतामा आधारित अकाट्य र तथ्यपूर्ण ऐतिहासिक विवेचना जहाँ वर्गीय अन्तरविरोध र वर्गसंघर्ष मौजुद छन भन्ने कुरा स्वीकार्न बाध्य ती पूँजीजीवी र खास गरी निम्न-पूँजीजीवी वर्गका सिद्धान्तकारहरू मार्क्सवादलाई गलत सोचकासाथ गलत ढङ्गले सच्याउने दुःशाहस गर्दै राज्य वर्गीय 'समन्वयको' साधनको रूपमा व्याख्या विश्लेषण गर्नमा वेष्ट रहि आएका छन्। मार्क्सको मतानुसार यदि संसारमा वर्ग समन्वय सम्भव हुँदो हो त राज्यको जन्म नै हुने थिएन। न त त्यो कायम् नै रहने थियो। मार्क्सको मतानुसार राज्य वर्गीय प्रभुत्वको अस्त्र हो, एक वर्गद्वारा अर्को वर्गको उत्पीडनको साधन हो, यस्तो 'व्यवस्थाको' सृजना हो, जसले वर्गहरू आपसी टक्करहरूलाई साम्य पारेर यस उत्पीडनलाई वैधानिक रूप दिन्छ र बलियो पार्दछ। तर, ठीक यसको उल्टो निम्न-पूँजीजीवी राजनीतिज्ञहरूको मतानुसार व्यवस्था भनेका नै एक वर्गद्वारा अर्को वर्गको उत्पीडन होइन कि वर्ग-समन्वय हो, उत्पीडितहरूको मूलोच्छेदनको लागि संघर्ष गर्ने निश्चित साधन र तौरतरिकाबाट वञ्चित गर्नु होइन कि मुठभेडलाई साम्य पार्नुको अर्थ नै समन्वय हो।

राज्य भनेको शक्तिको विशेष संगठन हो, कुनै वर्गलाई दवाउनको निम्ति बलप्रयोगको संगठन हो। सर्वहारावर्गले कुन चाहिं वर्गलाई दवाउनु जरुरी छ ? अवश्यमेव, केबल शोषकवर्गलाई अर्थात पुँजीजीवीवर्गलाई/सर्वहारावर्गलाई शोषकहरूको प्रतिकार दबाउनको निम्ति मात्र राज्यको आवश्यकता छ। अन्त्यसम्म क्रान्तिकारी रहने एकमात्र वर्गको रूपमा तथा पुँजीजीवीवर्गको विरुद्ध संघर्षको निम्ति र त्यसको पूर्ण विस्थापनको निम्ति साराश्रामिकहरू र सारा शोषितहरूलाई ऐकजुट पार्न सक्ने एक मात्र वर्गको रूपमा केवल सर्वहारावर्ग मात्रै यस दमनको नेतृत्व गर्न र यसलाई जीवनमा कार्यान्वित गर्न समर्थ छ। राज्य भनेको वर्ग-समन्वयको केन्द्र होइन, राज्य त केवल बल प्रयोग गर्न सत्तारुढ वर्गको संगठित शक्ति केन्द्र हो। त्यो बल प्रयोग गर्ने शक्ति केन्द्रको रूपमा राज्य त्यतिवेला सम्म रहि रहन्छ र आवश्यक पनि पर्छ, जतिन्जेलसम्म मानव-समाजमा वर्गीय विभेदको मौजुद रहि रहन्छ।

अवसरवादीहरू र काउतस्कीवादीहरूले बारम्वार सर्वहारावर्गलाई राज्यको आवश्यकता पर्दछ भनी दोहर्‍याउँदै मार्क्सको शिक्षालाई दुषित पार्ने र बग्याउने दुःसप्रयासलाई पछ्याउँदै यहाँका पुँजीजीवी प्रजातन्त्रवादीहरूले पनि हरहमेसा सर्वहारावादी पार्टीलाई सत्ता कब्जा जमाउन खोजेको भन्ने जस्ता अर्थहिन र बकवासमा, मार्क्सको अनुसार प्रथमतः सर्वहारावर्गलाई केवल विलुप्त भएर जाने राज्यको मात्र खाँचो छ अर्थात त्यो राज्य यसप्रकार निर्मित भएको होस् कि जसको विलोप तुरुन्त नै सुरु भैहालोस र जुन विलोप नभइकन रहन नसकोस। अनि द्वितियतः श्रमिकहरूलाई यस्तो 'राज्य' चाहिन्छ, 'जुन सत्तारुढ वर्गमा संगठित सर्वहारा वर्गहोस्।' फेरि यसोभनेर राज्यको पूर्ण विलोप अहिलेको अहिल्यै हुने कुरो होइन। राज्यको पूर्ण विलोप त्यसबेला मात्र हुन सक्ने छ, जब समाजले 'प्रत्येकबाट उसको योग्यतानुसार, प्रत्येकलाई उसको आवश्यकता अनुसार' भन्ने नियमलाई लागु गर्नेछ अर्थात जब मानिसहरूमा सामाजिक सम्पर्कका आधारभूत नियमहरू पालना गर्ने यतिसम्म उत्पादनशील भइसक्नेछ कि उनीहरू स्वेच्छापूर्वक नै आफ्नो योग्यता अनुसार काम गर्न थाल्नेछन्।

मार्क्स यसै सन्दर्भलाई अरु बढी प्रष्टहुनेगरी भन्नुहन्थ्यो - "..साम्यवादी समाजको उच्चतम अवस्थामा, जब श्रम-विभाजनप्रति मानिसको दासतापूर्ण जीहजुरिको अन्त्य हुन्छ, जब यसको साथसाथै बौद्धिक तथा शारीरिक श्रमको प्रतिपक्षताको अन्त्य हुन्छ, जब श्रम केवल जीवनयापनको साधन हुनुको सट्टा जीवनको मुख्य आवश्यकता बन्न पुग्दछ, जब व्यक्तिको चतुर्दिक विकासको साथसाथै उत्पादक शक्तिहरूपनि बढदै जान्छन् र सार्वजनिक सम्पतिको साराका सारा स्रोतहरू भरिपूर्णभएर प्रवाहित हुन थाल्दछ, केबल त्यसले मात्र पूँजीवादी अधिकारको साँगुरो घेरा पार गर्न सकिन्छ र समाजले आफ्नो झण्डामा लेख्न सक्दछ-'प्रत्येकबाट उसको योग्यताअनुसार, प्रत्येकलाई उसको आवश्यकता अनुसार।' भन्ने यो अत्यन्तै गहकिलो भनाइको गहिराइलाई बुझ्न नसक्नु आफैंमा दुर्भाग्यपूर्ण कुरा हुँदै आएको छ।

मार्क्सवादलाई लँगडो तुल्याउन, त्यसलाई बङ्ग्याउन र त्यसलाई पूँजीजीवीवर्गको स्वार्थ अनुकूल बनाउन अख्तियार गर्दै आएको काउत्सकीवादी अवसरवादीहरूको भ्रमपूर्ण यो समन्वयवादी राजनीति, विश्व राजनैतिक रङ्गमञ्चमा हालसालै र अहिले भर्खरै मात्र प्रतिस्थापन र सुरुवात भएको होइन भन्ने कुरा त माथि उल्लेखित विषवस्तुले नै स्पष्ट पारि सकेका हुन। तर पनि त्यही कुरा यहाँ दोहोर्‍याइ रहन खोज्नुको तातपर्य यो हो कि निम्न पूँजीजीवी प्रजातन्त्रवादीहरूले, वर्ग समन्वयको सपनाद्वारा वर्ग संघर्षलाई बदल्न चाहने ती पठभ्रष्ट समाजवादी (कम्युनिष्ट) भनाउँदाहरूले समाजवादी परिवर्तनलाई पनि शोषक वर्गको प्रभुत्वको उन्मूलनको रूपमा नभएर आफ्नो कार्य भारलाई बुझ्ने बहुमत समक्ष अल्पमतद्वारा शान्तिपूर्ण आत्मासमर्पणको रूपमा स्वप्निल ढङ्गले विचार गरेका थिए भन्ने कुरा, सन् १८४८ र १८७१ मा फ्रान्समा भएको क्रान्तिकारीहरूको इतिहासबाट पनि यो प्रष्ट भइसकेको थियो र त्यसै गरेर उनाइसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको सुरुवाततिर इङ्गल्याण्डमा, फ्रान्समा, इटली र अरु मुलुकहरूमा पूँजीवादी मन्त्रिमण्डलहरूमा 'समाजवादीहरूको' सहभागिताले समेत यसै कुराको पुष्टि भएको थियो।

हालको यो वर्तमान स्थिति सम्म आइपुगि सक्दा पनि त्यो समन्वयको क्रमभङ्ग होइन कि त्यसको निरन्तरता कायम् नै रहिआएको छ को उदाहारण स्वरूप, हाम्रो छिमेकी राष्ट्र चीन, भारत, नेपाल तथा अरु कतिपय मुलुकहरूमा कायमरहि आएको राज्यसत्ताहरूको स्वरूपलाई नियोल्दा पनि स्पष्ट हुन आउँछ। उदाहारणको लागि हाल चीनमा कायमरहि आएको राज्यसत्ताको स्वरूप बाहिरबाट हेर्दा भलै कम्युनिष्टहरूको बाहुल्यता भएको जनवादी वा समाजवादी जे जस्तो देखिएता पनि आन्तरिक रूपमा उही वर्ग-समन्वयको राजनीतिले जरा गाडेको नव संशोधनवादी राज्य व्यवस्था कायम रहि आएको छ।

त्यसै गरी भारतका विभिन्न प्रान्तमा कायमरहि आएको नामधारि कम्युनिष्टहरूको सरकार (सत्ता) पनि उहि पूँजीवादीहरूको वर्ग-समन्वय कै आधारशीलामा खडा रहिआएको पूँजीवादी (संसदीय) सरकारको मातहतमा नै रहिआएका छन्। नेपालको वर्तमानको अन्तरिम सरकारमा पनि कम्युनिष्ट नाउँको दल एमाले समिलित भएका छन्, यो पनि समन्वयवादी मै आधारित छन्। यिनीहरू देख्नमा अजङग र अति शक्तिशाली जस्तो देखिन्छन् तर भित्रभित्र मक्किएर कुहिएर पूरै थोत्रो र जरजर अवस्थामा पुगि सकेका छन् र यीनलाई जरैदेखि उखेलेर फाल्न मात्र बाँकि छ।

पूँजीजीवीवर्गको त्यो सत्ता ढाल्ने काम एक विशेष वर्गको हैसियतले सर्वहारावर्गले मात्र सम्पन्न गर्न सक्दछ। खासमा भन्नु पर्दा सर्वहारावर्गको अस्तित्व आर्थिक अवस्थाहरूले नै उसलाई यस कार्यको निम्ति प्रशिक्षित गर्दछन् र उसलाई यो काम तामेल गर्ने क्षमता एवम् शक्ति पनि प्रदान गर्दछन्। राज्यको प्रश्नमा र नयाँ जनवादी क्रान्ति तथा समाजवादी क्रान्तिको प्रश्नमा पनि सर्वहारा वर्गका महान नेता कार्ल मार्क्सद्वारा लागू गरिएको वर्गसंघर्ष सम्बन्धी सिद्धान्तले सर्वहारावर्गको राजनैतिक प्रभुत्व, उसको अधिनायकत्व अर्थात कसैसंग पनि नबाँडिएको र आम जनताको सशस्त्र शक्तिद्वारा प्रत्यक्ष रूपले समर्थन गरिएको उसको सत्तालाई अनिवार्य रूपमा मान्यता प्रदान गर्दछ। पूँजीपतिवर्गको अनिवार्य र कठोर प्रतिरोधलाई दवाउने तथा नयाँ आर्थिक व्यवस्थाको निम्ति सारा श्रामिक र शोषित जनसमुदायलाई संगठित गर्ने क्षमता भएको सत्तारुढ वर्गमा परिणत भएर मात्रै सर्वहारावर्गले पूँजीपतिवर्गलाई ढाल्न सक्दछ।

आज हाम्रो सामु देखापर्दै आईरहेको वर्तमान स्थिति भनेको, विश्वमा आर्थिक, राजनीतिक, सामाजिक, सामरिक र साँस्कृतिक क्षेत्रमा साम्राज्यवादी भूमण्डलीकरणको प्रक्रिया वायुवेगको रूपमा बढदै गइरहेको छ र यस प्रक्रियामा भन्नु पर्दा अमेरिकी साम्राज्यवादको नै वर्चस्व कायम रहिआएको छ। तापनि यसभित्र अहिले दुई तथा बहुध्रुबीय शिविरका बिचको अन्तरविरोध पनि तिब्र बन्दै गइरहेको स्थिति छ। यसैगरि दक्षिण एसियाली क्षेत्रमा भारतीय विस्तारवादी उत्पीडन बढदै गइरहेको र भारतको सत्तामा भाजपा जस्तो साम्प्रदायिकवादी शक्ति आउनुले, यसबाट नेपालको राजनीतिमा थप नकारात्मक प्रभाव पर्नुसँगै अर्कोतिर यस क्षेत्रमा अमेरिकी साम्राराज्यवादको प्रभाव झनै फैलने सम्भावना अरु बढी देखिन आएको छ। त्यसमाथि नेपालको वर्तमान राजनीतिक बृतमा देखा पर्दै आइरहेका ती आत्मासमर्पणवादी दलालहरूकै कारण आज देश पूर्णरूपमा अस्थिर राजनीतिक भुमरीमा जक्रिंदै राष्ट्रिय स्वाधिन्तामाथि ठूलो संकट आइपरिरहेको स्थिति छ।

आज हाम्रो सामु संकट ग्रस्त यो मौजुदा स्थितिबाट देश र जनतालाई मुक्ति र स्वतन्त्रता निमित्त आवश्यकता अनुरूपको पहल गर्न, हामीसँग विज्ञानमा आधारित मार्क्सवादको धारिलो वैचारिक हतियार मौजुद छ। भन्नु नै पर्दा जसको सामु दुनियाका बडे बडेमानका मै हुँ भन्ने तानाशाहहरू पनि नतमस्तक भई शिर निहुराईघुँडा टेक्न बाध्य हुनुपरेको जन-ईतिहास हाम्रो अगाडि यथेष्ट मात्रामा भेटिन्छ। र अनि त्यही रक्तरञ्जित जन-ईतिहासको यो विकसित रूप मार्क्सवाद, लेनिनवाद र माओवादी अडान र दृष्टिकोणबाट सृजित चमचमाउँदो धारिलो वैचारिक हतियारले सुसज्जित क्रान्तिकारी कम्युनिष्टहरूको काँधमा आज अत्यन्तै जटिल-राष्ट्रिय स्वाधिनताको रक्षा, राज्यसत्ताको आमूल परिवर्तन, जनजीविकाको सवाल लगायत अन्य राष्ट्रिय समस्याहरूको निराकरण र समाधान गर्नुपर्ने गहनतम् जिम्मेवारीपूर्ण दायित्व आइपरेको छ। जसको समाधानार्थ आज देशमा विकसित वस्तुगतस्थिति अनुकूल क्रान्तिकारी कार्यदिशाको एक मात्र विकल्प 'जनयुद्धको जगमा जनविद्रोह' देश र जनताप्रतिको जवाफ देहिताकासाथ सदुपयोग गर्न आवश्यक सबै प्रकारको पूर्वाधार तयार गरी, देशका अग्रगमन पक्षधर लगायत तमाम् उत्पीडित जनसमूदायलाई एकसाथ गोलबन्द पारी तदारुक्तासाथ जुझारु ढङ्गले अगाडि बढनु क्रान्तिकारीहरूको यो मूलतः राष्ट्रिय दायित्व हुन आएको छ।

*२०७१/०६/११, ताहाचल, काठमाडौ*

## संयुक्त...

गरिएको उक्त विरोध सभालाई अखिल नेपाल महिला युनियनकी सिता सुवेदी, नेपाल महिला फेडरेशनकी आशा महर्जन, वैज्ञानिक समाजवादी महिला संगठन नेपालकी धनकुमारी सुनुवार र अखिल नेपाल महिला संघ(क्रान्तिकारी) की अध्यक्ष अम्विका मुडभरीव्दारो सम्वोधन गरिएको थियो।

सभालाई सम्बोधन गर्दै महिला नेतृहरूले देशमा शृङ्खलाबद्ध रूपमा भइरहेका महिलामाथिको हिंसा, बलात्कार र हत्याका विरुद्धमा सङ्घर्षमा जुट्न अपिल गरे। सरकार महिला हिंसाका घटनाप्रति संवेदनशील बन्न नसकेको भन्दै उनीहरूले बलात्कारी र हत्यारामाथि कडा कारबाही गर्न माग गरे।

विरोधसभामा कवयित्री तथा लेखिका सरिता तिवारी र इन्दिरा अधिकारीले महिला हिंसाका विरुद्धमा सशक्त कविता वाचन गरेका थिए।

भागरथी भट्टलगायत देशभरि भएका महिला हिंसा, बलात्कार र हत्याका विरुद्धमा आयोजित सो विरोध जुलुसमा सहभागीहरूले 'हत्यारा बलात्कारीलाई कारबाही गर', 'महिला हिंसा बन्द गर', 'बलात्कारीलाई सार्वजनिक गर', 'फासिवादी सरकार मुर्दावाद', 'भ्रष्टाचारीलाइ कारबाही गर', 'वैदेशिक हस्तक्षेप बन्द गर', 'हिंसा होइन, सुरक्षा दे', 'दमन होइन, अधिकार दे' र 'संयुक्त महिला आन्दोलन जिन्दावाद' लगायतका नारा लगाएका थिए।

नेकपा (मसाल), नेकपा (क्रान्तिकारी-माओवादी), बिप्लव नेतृत्वको नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा, आह'ती नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी नेपाल र नेकपा (संयुक्त) सँग आबद्ध महिला सङ्गठन मिलेर बनेको संयुक्त महिला सङ्घ सङ्घर्ष समितिको आयोजनामा सो विरोध प्रदर्शन र सभा सम्पन्न गरिएको हो।

## रणनैतिक...

देखिएको समग्र परिवेशले नै रणनैतिक संयुक्त मोर्चा निर्माण गर्नु परेको कुरा स्वतः प्रष्ट छ। अहिले चार पार्टीका बीचमा कायम भएको संयुक्त मोर्चा त्यसको प्रस्थान विन्दु मात्र हो। यसलाई व्यापक र शक्तिसाली बनाउन थप मेहनतको आवश्यकता छ। देशको आर्थिक, सामाजिक संकटको निकास विद्यमाना प्रतिक्रियावादी व्यवस्था र राज्यसत्ताद्धारा संभव छैन। तसर्थ अग्रगामी दृष्टिकोण, योजना कार्यक्रमद्धारा यो संकट समाधान गर्न कम्युनिष्ट क्रान्तिकारीहरू, वामपन्थी तथा देशभक्त शक्ति र व्यक्तित्वहरू संयुक्त आन्दोलनमा जुट्नु समयको माग र आवश्कता हो।

उर्पयुक्त विषयलाई आत्मासात गर्र्दै संयुक्त आन्दोलन निर्माण गर्ने महान उद्देश्यका साथ अगाडि सारिएको चार पार्टीको संयुक्त अवधारणमा भनिएको छ, 'नेपाली क्रान्तिलाई सम्पन्न गर्ने गंभीर जिम्मेवारी बोधका साथ रणनैतिक संयुक्त मोर्चा गठन गरेका छौं। नेपाली समाजको तत्कालिन वा दिर्घकालिन समस्या दलाल तथा प्रतिक्रियावादी संसदीय व्यवस्था राज्यसत्ताबाट सम्भव छैन, त्यसकालागि क्रान्तिद्धारा जनगणतन्त्र/वैज्ञानिक समाजवादी व्यवस्था निर्माण अनिवार्र्य छ भन्ने यर्थाथप्रति हामी स्पष्ट र दृढ छौं। नेपाली क्रान्तिको यो रणनीति हासिल गर्न कम्युनिष्ट क्रान्तिकारीका अलवा वामपन्थी, देशभक्त र सच्चा लोकतन्त्रवादी शक्ति तथा व्यक्तित्वहरूको पनि अहम भूमिका रहने हुनाले हामी त्यस्ता शक्ति तथा व्यक्तित्वहरू पनि यस रणनैतिक मोर्चामा सामेल हुन अपिल गर्दछौं।'-रणनैतिक संयुक्त मोर्चाको अवधारणा पत्रबाट। माथिका भनाइले रणनैतिक संयुक्त मोर्चाको उद्देश्य, त्यसले गर्न खोजेको कार्ययोजना तथा कार्यक्रमलाई स्पष्ट गर्दछ। देशमा उत्पन्न विद्यमान परिस्थिति नै यो मोर्चा निर्माणको ऐतिहासिक जग रहेको कुरा छलङ्ग छ। विद्यमान संसदीय व्यवस्था र राज्यसत्तामा देखिएको संकटलाई यथास्थितिमा समाधान गर्न सकिदैन र त्यो सम्भव पनि छैन। तसर्थ, क्रान्तिकारी कम्युनिष्टहरू सचेत पहल र नेतृत्वमा सम्पूर्ण उत्पीडित वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका जनताको व्यापक एकता कायम गर्दै संघर्षका बलमा अहिलेको प्रतिक्रियावादी व्यवस्थ तथा सत्ताको अन्त्य गरेर जनगणतन्त्र स्थापना गर्दै वैज्ञानिक समाजवादद्धारा यी सबै प्रकारका अन्तरविरोधहरू समाधान गर्न मोर्चाको मूल उद्देश्य हुनेछ।

उपरोक्त उद्देश्य प्राप्तीका लागि क्रान्तिकारी कम्युनिष्ट घटकहरू नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी), ने. क. पा., नेपाल कम्युनिष्ट पार्टी र वैज्ञानिक समाजवादी पार्टी, नेपाल मात्र होइन, अन्य क्रान्तिकारी शक्ति, व्यक्तित्वहरू तथा देशभक्त र सच्चा लोकतन्त्रवादी समूह र व्यक्तित्वहरू पनि यो मोर्चामा आवद्ध हुनपर्ने आवश्यकतामा जोड दिएको तथ्यले यसको महत्वलाई अरु बढाएको छ। नेपालको इतिहासमा तात्कालिक उद्देश्यलाई पुरा गर्न विभिन्न समयमा कायम भएका कार्यगत एकता संयुक्त मोर्चा भन्दा यसको निर्माण मौलिक वेग्लै रहेको छ। विगतमा पनि संयुक्त मोर्चाका लागि विभिन्न पटक पहल भएका छन्, तर ती सबैको उद्देश्यहरू तात्कालिक विषयहरूमा नै सिमित रहेको थियो। तर, अहिले चार पार्टीका बीचमा कायम भएको संयुक्त मोर्चाले तात्कालिन तथा दिर्घकालिन उद्देश्यहरूलाई समेत अन्तरवस्तुमा समावेश गरेर अगाडि बढ्ने जुन उद्धोष गरेको छ, त्यो उद्देश्य प्राप्ती नहुँदा सम्म त्यसको निरन्तरता र विकाशका लागि योगदान पुर्‍याउनु सम्पूर्ण क्रान्तिकारी, वामपन्थी तथा देशभक्तहरूको साझा दयित्व र कर्तव्य बन्दछ।

कम्युनिष्ट क्रान्तिकारीहरू बीचको एकता समयको माग र जनचाहना बन्दै गएको पृष्टभूमिमा त्यसप्रकारको एकताका लागि यो संयुक्त मोर्चाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा छ। यसै सन्दर्भमा संयुक्त मोर्चाको घोषणा-पत्रमा भनिएकोछ 'रणनैतिक संयुक्त मोर्चा गठनको एउटा महत्वपूर्ण लक्ष्य कम्युनिष्ट पार्टीहरू बीच ध्रुविकरण र पार्टी एकताको हो। त्यसैले यस रणनैतिक संयुक्त मोर्चा मार्फत पार्टीहरू बीच गरिने सहकार्य र सैद्धान्तिक तथा व्यवहारिक अन्तरक्रियालाई व्यवस्थित गर्दै पार्टी एकता सम्म पुग्ने प्रयत्नलाई घनिभूत पारिनेछ।' यो भनाइले स्पष्ट गर्दछ तात्कालिन रूपमा गठन भएको संयुक्त मोर्चा मार्फत व्यापक छलफल र बहसबाट एउटै पार्टी निर्माण गर्ने उद्देश्य समेत रहेकोले त्यो वातावरण बनाउन पनि यसको महत्वपूर्ण भूमिका हुनेछ। एकातिर संसदीय व्यवस्था र राज्यसत्ता दिनप्रति दिन विघटन हुँदै असफलताको दिशा तर्फ जानु र अर्को तिर क्रान्तिकारीहरूका बीचमा त्यसप्रकारका मोर्चाबन्दीको क्रम बढ्दै जानु अवश्य पनि खुशि र गौरवको विषय हो। यो मोर्चाले तात्कालिन रूपमा मोर्चामा सामेल भएका शक्तिहरू वाहेक छरिएर रहेका सबै कम्युनिष्ट क्रान्तिकारीहरूकालाई मोर्चाबन्दी गर्दै एकताका आधार निर्माण गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ।

# जिल्ला जनगणतान्त्रीक सम्पर्क मञ्च विस्तार अभियान तीव्र



काठमान्डौ । जिल्ला जनगणतान्त्रीक सम्पर्क मञ्चले सम्पर्क बिस्तार अभियान तीव्र बनाएको छ। कुपन्डोलमा सम्पन्न सम्पर्क विस्तार कार्यक्रमले ३ नं प्रदेशका दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे र ७ नं प्रदेशको बभ्काङ समेतको जिल्ला-उपत्यका सम्पर्क मञ्च बिस्तार गरेको छ।

मञ्चका केन्द्रीय संयोजक विष्णु खडकाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी) पार्टी पिबिएम एवं ३ नं प्रदेश ईन्चार्ज क. सागर, पिबिएम क. प्रभाकिरण, सिसिएम क. वसन्त, क. गगन, क. सानु, पार्टी दोलखा सेक्रेटरी क. गोविन्द, रामेछाप सेक्रेटरी क. लाङघालि, काभ्रे सेक्रेटरी क. टंकराम, शहिद परिवार सदस्य खेजराज न्यौपाने, राष्ट्रिय उद्योग व्यापार संघका अध्यक्ष जितेन्द्र दाहालको क्रमशः प्रमुख आतिथ्य एवं आतिथ्य रहेको थियो। कार्यक्रममा क. सागर, क. प्रभाकिरणले प्रशिक्षण मन्तव्य राख्नु भएको थियो। विस्तार गरिएका ६ जिल्ला उपत्यका सम्पर्क मञ्चका संयोजक हरूले प्रतिबद्धता मन्तव्य राखेका थिए।

कार्यक्रमको सञ्चालन मञ्चका सचिव धर्मराज बिसिले गरेका थिए भने मञ्चका केन्द्रीय सदस्य गणेश घिमिरेले शुभकामना मन्तव्य राखेको उक्त कार्यक्रममा मञ्चका केन्द्रीय नेताहरू अर्जुन बोगटी र चन्देश्वर पण्डितको समेत उपस्थिति रहेको थियो

# प्रधानमन्त्रीले 'रअ' प्रमुखलाई भेट्नुको परिणाम भारतीयले नेपालमै सरकार बनाउँछु भन्न थाले : *भीम रावल*



काठमाडौं। नेकपा प्रचण्ड-नेपाल पक्षका स्थायी समिति सदस्य भीम रावलले प्रधानमन्त्री केपी शर्मा ओलीकै कारण भारतीय गृहमन्त्रीले नेपालमा सरकार बनाउँछु भन्ने हिम्मत गरेको बताएका छन्।

मंगलबार सामाजिक सञ्जालमा स्ट्याटस लेख्दै नेता रावलले भारतीय गृहमन्त्री तथा भाजपाका पूर्व अध्यक्ष अमित साहको 'नेपालमा भाजपाको सरकार बनाउने' अभिव्यक्तिप्रति आपत्ति प्रकट गरेका छन्।

प्रधानमन्त्री केपी ओलीले भारतीय गुप्तचर संस्था 'रअ'का प्रमुख सामन्तकुमार गोयलसँग भेट्नुको परिणाम भारतको त्रिपुरा राज्यका मुख्यमन्त्रीले नेपालको स्वाधीनताविरुद्ध अभिव्यक्ति दिएको रावलको आरोप छ।

त्रिपुरा राज्यका मुख्यमन्त्री विप्लवकुमार देवले आफ्ना केन्द्रीय गृहमन्त्री अमित शाहले आफू आबद्ध दल भारतीय जनता पार्टीले नेपालमा पनि सरकार बनाउने योजना बनाइरहेको भनेर दाबी गरेका थिए।

'हालै भारतीय गृहमन्त्रीलाई उधृत गर्दै त्यहाँका एक जना मुख्यमन्त्रीले नेपालको स्वाधीनता र स्वाभिमानका विरूद्ध दिएको अभिव्यक्ति निन्दनीय छ,' रावलले सामाजिक सञ्जालमार्फत लेखेका छन् , 'यो प्रधानमन्त्री केपीको बालुवाटारमा राति भारतीय गुप्तचर प्रमुखसँगको गोप्य मन्त्रणाको परिणाम हो। नेपालविरोधी कुनै पनि कामकुरा देशभक्त नेपालीलाई सह्य छैन।'

# दैलेख जिल्लामा मनायो नेकपा (क्रान्तिकारी माओवादी)ले २६औ जनयुद्ध दिवस





दैलेख। २६औ जनयुद्ध दिवस नेकपा (क्रान्तिकारी माओवादी)ले दैलख जिल्ला समितिको आयोजनामा नारा जुलुस सहीत वजार परिक्रमा गरि भव्य रूपले मनाएको छ। जुलुस दैलेखको भोटेचौतराबाट सुरु भई मध्यपहाडी राजमार्ग चौतरा हुँदै नगरपालिकाको कार्यालय अगाडि पुगेर आमसभामा परिणत भएको थियो। उक्त आमसभामा मानिसहरूको सहभागिता उल्लेख्य रहेको थियो।

उक्त आमसभाको अध्यक्षता दैलेख जिल्ला सेक्रेटरी अशोकले गरेका थिए भने स्वागत मन्तव्य जिल्ला पार्टी सदस्य पूर्ण गुरुंग र सञ्चालन कर्ण शाहीले गरेका थिए। नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज कृष्ण गुरुंग आसमानको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त आमसभाको अन्य अतिथिहरूमा प्रदेश समिति सदस्य मदन शाही प्रभात, राजबहादुर शाही र छत्र तारामी रहेका थिए।

नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज कृष्ण गुरुंग असमानले आमसभालाई सम्वोधन गर्दै यो संसदीय व्यवस्था असफल भएकाले यसको विकल्पको रूपमा पार्टीले संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्षको आव्हान गरेकोमा आम जनता अव उनीहरूको उन्वल भविश्यको सुनिस्चितताताको लागि पार्टीले आव्हान गरेको संघर्षमा लामवद्ध हुन आव्हान गरेका थिए भने अन्य वक्ता -अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य हिमाल शाही, प्रदेश समिति सदस्य मदन शाही प्रभातले पनि आम सभालाई सम्वोधन गरेका थिए।

# रूकुममा काटुन प्रदर्शनी सफलतापूर्वक सम्पन्न



रुकुम। नेकपा (क्रान्तिकारी माओवादी) रुकुम जिल्ला समितिको आयोजनामा सानि भेरि गाउँ पालिकाको सिम्ले वजारमा फाल्गुन ४ गते र सोही गाउँ पालिकाको वडा न ९ जनप्रिय मा वि हाँसिवाङमा फाल्गुन ५ गते काटुन प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरिएको छ।

कार्टुन प्रदर्शनीमा सम्बोधन गर्दै पार्टी के स तथा रुकुम जिल्ला ईन्चार्ज दिपक व शाहीव्दारा ती दुवै कार्यक्रममा उपस्थित जनता र स्कूलका विद्यार्थी तथा अभिभावकहरूलाई वर्तमान दलाल संसदिय व्यवस्थाले गरेका सवै खाले गलत कर्महरूको चिरफार र भण्डाफोर गर्दै संसदीय व्यवस्थाको विकल्पमा संघीय जनगणतान्त्रिक व्यवस्थाको स्थापनाका लागि पार्टीले गर्ने आन्दोलनमा सक्रिय सहभागिताका लागि आव्हन गरिएको थियो।

## युवा...

मिल्दोजुल्दो छ) सम्म अनेकौं लेखकले भनेका छन्।

साहित्यमा समाजवादी यथार्थवादको अवतरण कुन किसिमले हुन सक्छ भने यो वास्तविक जीवनमा घट्ने समाजवादी रचनात्मक क्रियाहरूको दर्पण बनोस्। के हाम्रो साहित्यमा यस्तो यथार्थवादको आगमन हुन सक्दछ ? हुन सक्ने मात्रै होइन, अवश्य नै हुन्छ, किनभने अहिलेको बेलामा पनि क्रान्तिकारी समाज रचनाका त्यस्ता उदाहरण हाम्रो देशमा छन् र तिनको सङ्ख्या बढ्दै मात्र जाँदो छ। हामी त्यस्तो देशमा बस्छौं र काम गर्छौं, जहाँ गौरवपूर्ण, सम्मानपूर्ण र वीरतापूर्ण काम हुँनु एउटा कति साधारण कुरोजस्तो मात्र हुन थालेको छ भने धेरैको त दैनिक पत्रपत्रिकाहरूमा चर्चासम्म हुँदैन। जहाँसम्म हाम्रा लेखकहरूको सम्बन्ध छ, उनीहरू यिनका बारेमा किन लेख्दैनन् भने उनीहरूको ध्यान अहिलेसम्म पनि आलोचनापरक यथार्थवादको त्यही धारासम्म सीमित छ, जसको दृष्टि एकदमै स्वभाविक र सङ्गतरूपले जीवनका न्युनता र अक्षमताहरूमा छ।

यहाँ म कुन कुरामा तपाईको ध्यान आकृष्ट गर्न चाहान्छु भने मिथ्या भाषण, पाखन्ड र सङ्कीर्ण मानसिकता आदि यस्ता दोष हुन्, जुन प्राकृतिक कारणहरूबाट उत्पन्न हुन्छन् र यी कारणहरूलाई हटाउन सकिन्छ।

युवा लेखकहरूले साहित्यिक कार्यको कठिनतालाई बुझ्नु आवश्यक छ। यसका साथै उनीहरूले सधैभरिू केमा पनि ध्यान दिनुपर्दछ भने हाम्रो युगले हामीसित कस्तो साहित्यको माग गरेको छ र लेखकका रूपमा आफ्ना पाठकहरूप्रति हाम्रो के उत्तरदायित्व हुन्छ। यसभन्दा पहिले यस्तो कुनै पाठक समुदाय थिएन, जो हाम्रो स्नेह र आदरको त्यत्तिकै पात्र होस्, जति आजको सोभियत पाठक समुदाय छ।

सत्यको अनुशीलन ज्ञानको उपलब्धीको साधन हो। यो एउटा खुड्किलो हो, जसले मानिसहरूलाई माथि चढाउँछ र अघि बढाउँछ। मानिसको श्रमले नै मानिसको सांस्कृतिक विकासको सम्पूर्ण इतिहासले गर्दछ।

म प्रायः के भन्ने गर्दछु भने जुन देशको जति अग्लो लक्ष्य हुन्छ (त्यसको सिद्धिका निम्ति मानिसहरू प्रयत्न गर्दछन्) उसको प्रतिभा र कौशलको विकास त्यति नै द्रूत र सामाजिक दृष्टिले फलप्रदः हुन्छ। म फेरि पनि जोड दिएर भन्न चाहान्छु, यो सही कुरो हो। म यो कुरो मेरो जीवनको सम्पूर्ण अनुभवहरूको आधारमा अर्थात् मैले जे-जति देखेको, पढेको र सोचेको छु, त्यसका आधारमा भन्दैछ,। सोभियत जीवनका वास्तविकताहरूले यस सत्यलाई अरू ठोस र प्रमाणिकरूपले पुष्टि गर्दछन्।

लेनिनको कालमा सोभियत समजवादी सङ्घमा लेनिनको क्रान्तिकारी व्यक्तित्व उच्चतम लक्ष्यहरूको सिद्धिका लागि श्रमिकहरूलाई सञ्चालित गर्दै थियो र अहिले सोभियत युनियतका करोडौं श्रमिकहरू त्यस जाज्वल्यमान लक्ष्यलाई कार्यरूपमा परिणत गर्न महान् प्रयत्न गर्दैछन् र उनीहरूको यस प्रयत्नहरूबाट संसारभरिका मजदुरहरूको क्रान्तिकारी भावना बढी-भन्दा-बढी जागृत भएको देखिन्छ। उनीहरूका यी प्रयत्नहरूलाई संसारभरिका सबै असल मानिसहरूले आदरपूर्वक प्रशंसा गर्दछन् र सबै बदमासहरू त्यससित त्यत्तिकै विद्वेष पनि राख्दछन्।

'सांसारिक मानिसहरू' अर्थात् ती मानिसहरू, जसलाई कुनै आदर्शको गरिमाले स्पर्श गर्दैन, र सबथोक जान्दछन्, जो परिस्थिति, संस्कार र जड मतवादहरू र नियम-कानुनका दबावमा परेर त्यसअनुसार आचरण गर्नमै आफ्नो कल्याण ठान्दछन्, ती मानिसहरू हाम्रो यस लक्ष्यका बारेमा के भन्दछन् भने यो एकदमै हवाई कुरो हो र यसलाई पूरा गर्नु नितान्त असम्भव छ। तर यिनै मानिसहरू हाम्रो सङ्घर्षमा सहयोग नगरेर एकदमै चलाखीका साथ जीतका फलहरूमा भाग लिन आइपुग्छन्। यस्ता मानिसहरूका लागि दाँतेको नरकको घेरामा विशेष स्थान निश्चित गरिएको छ।

सोभियत सङ्घमा यस 'हवाई' लक्ष्यको दिशामा जे-जति प्रयत्न भएका छन्, तिनले वीरताका ऐतिहासिक कार्यहरूलाई, अद्भुत श्रम र खतरापूर्ण साहसिक कार्यहरूलाई जन्म दिएका छन्। यो तिनको गणना गर्ने ठाउँ होइन, तर हाम्रा लेखकहरूले यी कुराहरूलाई कार्यरूपमा परिणत हुँनु, इतिहासको घटना बन्नुभन्दा पहिले नै जान्नु आवश्यक छ। दाल, भात, रोटी उपयोगी हुन्छ। तर कसरी मानिसहरू गहुँ एकपटकको बिउले वर्षौं-वर्ष जङ्गली घाससरह आफै उम्रने विरूवाको रूपमा परिवर्तन गर्न प्रयास गर्दैछन्, जसले गर्दा वर्षैपिच्छे खेत जोत्ने कार्यमा अकारण बन्दी बनेको शक्तिलाई मुक्त गर्न सकिन्छ भन्ने जान्नु पनि धेरै उपयोगी हुन्छ।

यसरी समाजवादी वर्गहीन समाजको स्थापनाको उच्च लक्ष्यको दिशामा हुँने समाजपयोगी श्रमबाट सत्यको सृष्टि हुन्छ, यस्तो समाजवादी वर्गहीन समाजमा अनावश्यकरूपले खर्च हुँने धेरै नै शारीरिक शक्तिलाई बौद्धिक शक्तिका रूपमा परिवर्तन गर्न सकिनेछ र यसमा सबैको प्रतिभा र योग्यताको विकासका लागि असीम क्षेत्र हुँनेछ।

साहित्यको दायित्व जीवन एवं श्रमको दर्पण बन्नु, तिनको चित्रण गर्न र सत्यलाई बिम्वहरू र चरित्रहरूको रूपमा प्रस्तुत गर्नु हो, त्यस्ता चरित्रहरूको चित्रण गर्नु, जसले सार्वजनिक चरित्रका रूपमा मानिसको समष्टिलाई द्योतन गर्न सकुन्। एउटा भनाई छ, जति तिमी माथि चढ्न सक्छौ, त्यति नै टाढासम्म देख्न पाउँछौ। साथीहरू घ् आफ्नो यो महान् लक्ष्यको उचाईबाट तपाईहरूले तपाईको विषयवस्ते र रचना-विधिले कतिसम्म क्रान्तिद्वारा प्रोत्साहित रचनाशक्तिलाई आकार दिन सक्दछ र स्वयं तपाईहरूले कतिसम्म क्रान्तिको प्रभावलाई अनुभव गर्नु हुन्छ ? त्यो हेर्न सक्नु हुँनेछ।

म यथार्थवादी साहित्यकार होइन। साहित्य जीवनको वास्तविकता भन्दा माथि उठोस् र माथिबाट वास्तविकतामाथि दृष्टिपात गरोस्, किनभने साहित्यको उद्देश्य जीवनको छायाँचित्र निकाल्नुभन्दा महत् छ भन्ने म मान्दछु। जे कुराहरू हाम्रा अघि छन्, तिनैको मात्र चित्रण गर्नु पर्याप्त छैन- हामीले जे कुराको आकाङ्क्षा गरेका छौं र जसलाई उपलब्ध गर्न सकिन्छ, ती कुराहरूप्रति पनि ध्यान दिनु आवश्यक हुन्छ। अझ अगागि बढेर भन्दा हामीले जीवनका मूल शक्तिहरूलाई रूपायित गर्नुपर्दछ। हामीले साना तर आफ्नो मौलिक विशेषतायुक्त कुराहरूलाई हामीले लिनुपर्दछ र तिनलाई यस्तो महान् कुरो बनाइदिनुपर्दछ, जसबाट एउटा समष्टिको बोध होस् र जसले आफूभित्र त्यस किसिमका सबै कुराहरूका समग्र विशेषतालाई समावेश गर्न सकोस्। यही नै साहित्यको कर्तव्य हो। यदि तपाईहरूले उदाहरणका लागि उन्नाइसौं शताब्दीका महान् रचनाहरूलाई हेर्नुभयो भने तपाईले साहित्यले दिा यस्तै गर्ने प्रयत्न गरेको पाउँनु हुँनेछ। उदाहरणका लागि बाल्जाक (उनको नाम धेरै लिइन्छ, तर उनलाई धेरै कम मानिसले मात्र जानेका छन्) जस्ता महान् लेखकहरूलाई यस कार्यमा सफलता पनि प्राप्त भएको छ।

हाम्रो साहित्यले सबै कुराको आफूमा सामेल गर्नुपर्ने हुन्छ। मास्को रिजनका बोगोरोद्स्कका कुनै भुगोलशास्त्रीका बारेमा मथा लेख्न बस्दा हामीले त्यसको चित्रण अन्य भुगोलशास्त्रीहरूसित मिल्दोजुल्दो हुँने गरी गर्नुपर्दछ। त्यो भुगोलशास्त्री चाहे जहाँसुकैको होस्, अस्त्राखान, मुर्मान्स वा अन्यत्र कतैको केही फरक पर्दैन। हामी सोभियत सङ्घका लेखकहरूलाई के भन्ने अधिकार छ भने संसारमा एउटा त्यस्तो मानिसको जन्म भएको छ, जसको दिमाग सिक्रीहरूले बाँधिएको छैन र जो आफू स्वयंलाई र आफ्नो प्रतिभालाई, आफ्ना विशेषताहरूलाई सबैका अघि राख्न चाहान्छ। जुन बौद्धिक शक्ति अहिलेसम्म दबिएर रहेको थियो र काममा उपयोग भैरहेको थिएन, त्यो अब अद्भुतरूपले क्रियाशील छ। हाम्रा अधिकांश किसान पहिले मात्र ६ इञ्चसम्म गहिरो खन्दथे भने अब हामी यति गहिरोगरी हलो जोत्दैछौं कि त्यसको भन्डारका नयाँ-नयाँ सम्पदाहरू हाम्रासामु आउँदैछन्। हामी सक्रियरूपले सङ्घटित मानव बुद्धिलाई प्रकृतिको यान्त्रिक नियमवद्धताका विरूद्ध सङ्घर्षमा आवद्ध भएको देखिरहेका छौं, यो सङ्घर्ष उत्तरोत्तर तीक्ष्ण भैरहेको छ र यसमा मनुष्यको विजय भैरहेको छ।

# आजको कम्युनिष्ट राजनीति : केही अनुभूति

म आफू कम्युनिष्ट बन्ने बेलामा कस्ताकस्ता सपनाहरू बोकेको थिएँ । कम्युनिष्ट भनेका सबै इमानदार, निष्कपट, त्यागी, देश र जनताका लागि प्राणको आहुति दिन सधैँ तत्पर रहनेहरू हुन् भन्ने मेरो धारणा थियो । देसका लागि हमेसा सङ्घर्षमय जीवन बिताउने, उच्च सर्वहारा संस्कृतिले ओतप्रोत, शोषित वर्गप्रति समभाव र तिनीहरूको मुक्तिका लागि साहसका साथ अघि बढ्ने, वर्गसत्रुप्रति घृणा आदि हुने, व्यक्तिका रूपमा मैले कम्युनिष्टहरूलाई बुझ्न पुगेको थिएँ । कम्युनिष्ट आन्दोलनमा सरिक भएको पनि करिब साँढे चार दशक पुगेछ । अनेक आरोहअवरोह पार गर्दै आजको अवस्थासम्म आइपुग्दा यो साँढे चार दशक मेरालागि क्षणिकजस्तो हुनपुगेको छ । आज मेरा ती सोचाइहरू मिथ्या कल्पना र कोरा आदर्शसिबाय केही रहेन छ भन्ने साबित भएको छ । त्यसबेलाका मेरा ती कल्पनाहरू वालशुलभ कल्पना मात्र रहेछ भन्ने लागेको छ । हाम्रो समाज वर्गीय समाज भएकाले कम्युनिष्ट भन्नेहरूमा पनि समाजमा विद्यमान विभिन्न वर्गहरूको प्रभाव परेको हुँदो रहेछ, त्यहाँ अनेक सङ्घर्षहरू हुन्छन् । सङ्घर्षका माध्यमबाट नै सही कान्तिकारी धार बोकेका कम्युनिष्टहरूको निर्माण हुन्छ भन्ने कुरा त्यसबेला मेरो दिमागमा परेको रहेनछ । मेरा त्यतिबेलाका सोचाइहरू कोरा आदर्श मात्र रहेछन् भन्ने कुरा अहिले मात्र मलाई अनुभूति भएको छ । अहिले म वर्तमान कम्युनिष्ट आन्दोलनलाई हेर्छु, कम्युनिष्ट भन्नेहरू लाई हेर्छु, कम्युनिष्ट भनिनेहरूको व्यवहार हेर्छु, देशको स्थितिलाई हेर्छु, मेरा पहिलेका कल्पना र अहिलेको वास्तविकतालाई देखेर छक्क पर्छु ।

कम्युनिष्ट सिद्धान्त भनेको समाज विकासलाई गति दिने एउटा वैज्ञानिक सिद्धान्त हो । त्यो व्यक्ति जसले त्यसलाई आत्मसात गरेर क्रान्तिकारी व्यवहारमा उतार्छ, जसले अनेकौँ गल्ती र कमजोरीहरूलाई सच्याउँदै अघि बढ्छ, त्यसले मात्र क्रान्तिको नेतृत्व गरेर समाजको अन्तर्विरोध हल गर्दै इतिहासको गतिलाई अघि बढाउने रहेछ । यो नै सत्य रहेछ । यसमा सिर्जनात्मक चेतना, त्याग, बलिदान र साहसको आवश्यकता पर्छ । बाटो सुगम होइन, जटिल र कठिन हुन्छ, सीधा होइन, अनेकौं उकालीओराली र घुम्तीहरू हुन्छन् । यस कुरालाई बुझ्नेहरू मात्र अघि बढिरहेका छन्, घरबार त्यागेर सङ्घर्षमा लागेका छन्, सम्पत्तिको मोह त्यागेका छन् । उनीहरूले यसो गरेको व्यक्तिगत सम्पत्ति आर्जनका लागि होइन र मोजमज्जाका लागि पनि होइन । यो केवल देश र जनताका लागि हो । तर दुखःको कुरा, यस यथार्थलाई बुझ्न नसक्ने 'कम्युनिष्टहरू' यहाँ प्रशस्तै छन् । प्रेरणा होइन, हतोत्साहित पार्न, अघि बढ्न होइन, पछाडि धकेल्न, चेतनाको दियो जगाउन होइन, भ्रमहरू छर्न कम्युनिष्ट भन्नेहरू नै लागेको देख्दा मेरा पहिलेका बालसुलभ कल्पनाहरूले चित खाएका छन् । मेरो कल्पनाका कम्युनिष्टहरू र व्यवहारका कम्युनिष्टहरूमा आकासपातालको फरक देख्छु । मेरा कल्पनाहरू साँच्चिकै गलत थिए त ? होइन, गलत थिएनन् । सही र असली कम्युनिष्ट त त्यस्तै हुन्छन्, मैले सोचेजस्तै । भ्रम त कम्युनिष्टका नाममा अर्कै वर्गको राजनीति गर्नेहरूले पो छरेका रहेछन् ।

हेर्छु, आज कम्युनिष्ट भन्नेहरू । जडसूत्रवादको विरोधका नाममा, सिर्जनात्मकताको नाममा पुँजीवाद अँगालिरहेका छन् । द्वन्द्ववादी सिद्धान्तका ठाउँमा अधिभूतवाद, भौतिकवादी दर्शनको ठाउँमा आदर्शवाद र सर्वहारा संस्कृतिको ठाउँमा पुँजीवादी संस्कृति अँगालिरहेका छन् । यही विकृतिले गर्दा क्रान्तिकारी मार्गलाई छाडेर उनीहरू कोही सोझै र कोही घुमाउरो पाराले संसदीय बाटोबाट साम्यवादी बाटो पुगिने भ्रम र दूषित हावा फैलाइरहेका छन् । यस्ता


● भक्तबहादुर श्रेष्ठ ●

कम्युनिष्ट नामधारीहरूको प्रदूषणले व्यवहारमा नकारात्मक वातावरणको सिर्जना गरिरहेछ । आज आफूलाई कम्युनिष्ट भन्ने एक थरीको राजनीति, चरित्र, संस्कृति र व्यवहारमा सामन्ती र पुँजीवादी प्रतिक्रियावादीहरूको भन्दा कुनै भिन्नता देख्न सकिने आधारहरू देखिएका छन् ।यसले कम्युनिष्ट शब्द र अर्थलाई कलङ्कित पारेको छ ।

राष्ट्रियताको प्रश्नमा लिउँ । हिजोका दिनमा प्रतिक्रियावादी वर्गको राज्यसत्ताले गण्डकी, कोसी भारतलाई सुम्पियो । आज कम्युनिष्ट भन्नेहरूले मेची-महाकाली सुम्पिए । दुखःको कुरा ! यिनै सुम्पनेहरू देशभक्त र जनतान्त्रिक शक्ति भएका छन्, बनाइएका छन् । भारतीय विस्तारवादको छाता नओढी नेपालको सत्ताभोगी राजनीति गर्नै सकिन्न भन्ने धारणा कम्युनिष्ट भन्नेहरूमा पनि विकास हुँदैगएको छ । त्यसैको इसारामा 'कम्युनिष्ट' राजनीति सञ्चालन भएको थुप्रै उदाहरण दिन सकिन्छ । राष्ट्रियताको लडाइँ लड्दै आएका कम्युनिष्टहरूले लडाइँको यो मैदान छाडिसक्दा पनि यो मार्क्सवादको सिर्जनात्मक प्रयोग नै भएको छ, उनीहरूलाई देशभक्तको पगरी गुथाइएकै छ । मार्क्स, लेनिन र माओका संसदीय व्यवस्थाको बारेका दृष्टिकोणहरू उनीहरूका लागि डेट एक्स्पाएर औषधिजस्ता भएका छन् । संसदीय व्यवस्थालाई टिकाउन कम्युनिष्टहरूकै छातीमा गोली दाग्ने काममा कम्युनिष्ट भन्नेहरूले नै औँठा छाप लगाइदिएका छन् । कम्युनिष्ट भन्नेहरूका लागि घुस, भ्रष्टाचार र कमिसन सामान्य अर्थात् 'मकै र मुला' बराबर भएका छन् । उनीहरूले यसलाई होइन भन्लान्, तर हिजोको उनीहरूको अवस्था र आजका तिनीहरूका महल, पजेरो र ऐसआरामको जिन्दगी आफैँले यसको साक्षी बक्छन् । उनीहरूका लागि अब दुस्मन शक्तिमा पनि फेरबदल भएको छ । उनीहरूको राजनीतिक व्यवहार र चिन्तनले यो सबै प्रस्ट पारेको छ । ढल्न लागेको प्रतिक्रियावादी शक्तिलाई 'कम्युनिष्ट' को टेकोबाट अड्याउने काम भएको छ । प्रश्न छ : नेपथ्यबाट कसले नचाइरहेको छ यिनीहरूलाई ? उनीहरूलाई सच्चिन बाटो देखाउनुभन्दा एकथरी 'क्रान्तिकारी' ले उनीहरूलाई 'देशभक्त र जनतान्त्रिक शक्ति' को पञ्जाछाप लगाइदिएपछि अब कसलाई क्रान्तिकारी भन्ने र कसलाई भ्रान्तिकारी छुट्याउन गारो परेको छ । यो समस्या अहिले असली कम्युनिष्टका सामु खडा भएको छ ।

मैले भन्न खोजेको कुरा के हो भने–आज कम्युनिष्ट सिद्धान्त, विचारधारा, नैतिकता, सबैको अवमूल्यन गर्ने, विसङ्गति र विकृति ल्याउने कामहरू कम्यसनिस्टकै नाममा प्रशस्त मात्रामा भएका छन् । सांस्कृतिक पक्षको स्खलन यति यति सारो भएको छ कि जो सानदार बिल्डिङमा ऐसआरामका साथ बस्छ, सरर्र चिल्लो पजेरोको सयर गर्छ, त्यो खाँटी कम्युनिष्ट, सिर्जनात्मक कम्युनिष्ट, वृद्धि भएको चलाख कम्युनिष्ट भन्ने भावनाले विकास गरेको छ । यस किसिमको स्थितिले राष्ट्रघाती, भ्रष्टाचारी र कमिसनखोरहरू नै असली कम्युनिष्ट हुने वातावरणले प्रोत्साहन पाएको छ । कम्युनिष्ट भन्नेहरू नै भ्रष्ट आचरणका सबैभन्दा भद्दा उदाहरण बनेका छन् । कम्युनिष्ट संस्कृतिको ह्रास हुँदैगएको छ, देशभक्तिको भावना मर्दैगएको छ, सङ्घर्षशील भावना शिथिल पार्ने कोसिस भएको छ र क्रान्तिकारीहरूलाई निरुत्साहित पार्ने प्रयास भएको छ । संसदीय व्यवस्थाप्रति जनतामा बढेको वितृष्णालाई समेटेर क्रान्तिकारी आन्दोलनलाई अघि बढाउनु आवश्यक थियो । यसका लागि प्रतिक्रियावादीहरू त बाधक बनेबने आफूलाई कम्युनिष्ट भन्नेहरूसमेत बाधक बनेर उभिनु साँच्चिकै विडम्बनाको विषय हो ।

साँच्चै हो, एक थरी कम्युनिष्ट भनौँदाहरू प्रतिक्रियावादी वर्गको खेलौना साबित भएका छन् । नेपालका एक थरी कम्युनिष्टहरू साम्राज्यवादी-विस्तारवादीहरूको जालोमा फसिसकेको स्पष्ट रूपमा साबित भएको छ । 'क्रान्तिकारी उपयोग' गर्ने भन्नेहरूसमेत संसद्मा दुईचार सिट हात पार्नका लागि सिद्धान्त र विचार छाडेर संसद्वादको मोहजालमा फसेको कुरा व्यवहारले देखाइसकेको छ । प्रस्टताका साथ भन्नुपर्छ अब नेपालको आमूल परिवर्तनको कुरा क्रान्तिकारीहरूको काँधमा आएको छ । कम्युनिष्टका नाममा भएका विकृति र विसङ्गति, राष्ट्रघात र जनघातका विरुद्ध आवाज उठाउँदै मालेमावादी सही कम्युनिष्ट विचार र व्यवहारलाई सहयोग गर्ने बेला आएको छ । यसप्रति गम्भीर भएर सोच्ने बेला आएको छ । कम्युनिष्ट आन्दोलनलाई वर्गसङ्घर्ष र जनयुद्धको भट्टीबाट खारेर मात्र सही दिशाा र गति दिन सकिन्छ भन्ने कुरा आमजनता र तमाम क्रान्तिकारीहरूले बुझ्नु र बुझाउनु परेको छ ।

*(सौर्य साप्ताहिक, फागुन १४, २०५५)*

## बुझायो...

रोजगार क्रार्यक्रम केबल उनका कार्यकर्ता संरक्षण गर्ने आधार भएकोले सबै युवाहरूलाई समानरूपले रोजगारी तथा बेरोजगार भत्ताको व्यवस्था गर्न आग्रहसहित राष्ट्रियता जनतन्त्रका बिषय समेटेर ६८ बुँदे ज्ञापन पत्र बझाएको पत्रकार सम्मेलनमा बताएका छन् ।

विगत लामो समयदेखि लिगले प्रम ओलीको समय माग्दा पनि उनले भेट्ने समय नदिएको भन्दै फागुन १ गते अर्थात जनयुद्ध दिवशको अवसरमा सो पार्टीको कार्यक्रममा पनि सो ज्ञापन पत्र सार्बजनिक गरेका थिए । आइतबार राजधानीको संवाद डबलीमा ज्ञापन-पत्रको बिषयमा लिगले पत्रकार सम्मलेन गर्दै सो बारे जानकारी गरेको हो । लिगका अध्यक्ष अमिर महर्जनले प्रधानमन्त्री ओलीले समय नदिएकोप्रति रोष व्यक्त गर्दै माओवादीप्रति अनुद्दार बन्ने ओलीले आफ्नो ब्यबहार नसुधारे सडकबाटै उनलाई गिराउने चेतावनीसमेत दिएका छन् । प्रधानमन्त्रीको कुर्सीमा बसेर सिमित नेता कार्यकर्ताको सेवक बनेको आरोप लगाउँदै भने,'उहाँका एस म्यानहरूले भट्न नदिएका हुन या उहाँ आफै पूर्वाग्रह साँधने योजनाले हो, जे होस अब उहाँलाई सडकबाटै ज्ञापन पत्र पठाएका छौं ।'

देशमा हरेक वर्ष करिब ५ लाख युवा जन-शक्ति उत्पादन हुने र निकै थोरैले मात्र लोकसेवा आयोग, सरकारी रोजगारी कार्यक्रम तथा वैदेशिक रोजगारमा सक्षम हुने भएकोले सबैलाई रोजगारीको व्यवस्था गर्नुपर्ने र बेरोजगारहरूलाई भत्तको वातावरण मिलाउन माग गरिएको छ । त्यसैगरी कालापानी, लिपुलेक, लिम्पियाधुराको नेपाली भूमि फिर्ता ल्याउन पहल गर्नुपर्ने,एमसीसी लगायतका राष्ट्रघाती परियोजना अभिलम्ब खारेज गर्नु पर्ने लगायतका मागहरू पनि ज्ञापन पत्रमा राखिएको छ । लिगले यदि देश र जनताको नामम राष्ट्रघाती कामहरू बढ्दै गए आफूहरू बिद्रोहमा जान बाध्य हुने चेतावनीसमेत दिएका छन् । कार्यक्रमको अध्यक्षता लिगका अध्यक्ष अमिर महर्जनले गरेका थिए, ज्ञापन पत्रलाई उपाध्यक्ष केशब ढलकोटीले पढेर सुनाएका थिए भने सञ्चालन लिगका महासचिब दिलबहादुर कठायतले गरेका थिए, कोषाध्यक्ष ज्ञानु खतिवडाको पनि पत्रकार सम्मेलनमा उपस्थिति थियो ।

**यस्ता छन् मागहरू-**

**राष्ट्रियता सम्बन्धी**

१. सन् १९५० को नेपाल भारत सन्धि, सन् १९६५ को भारतसंगको सुरक्षा सन्धि लगायतका सबै असमान सन्धि सम्झौताहरूलाई खारेज गरियोस्।

२. कालापानी, लिपुलेक, लिम्पियाधुराका साथै सुस्ता र महेशपुर लगायत सीमा क्षेत्रमा गरिएका अतिक्रमित भूभाग शीघ्र फिर्ता गर्न पहल गरियोस्।

३. लिम्पियाधुरा सहितको नक्शा र क्षेत्रफल पाठ्यपुस्तकहरूमा समावेश तथा प्रकाशित गरी पठन पाठनको लागि पहल गरियोस्।

४. सीमा क्षेत्रमा निरन्तर रूपमा भइरहने भारतीय अतिक्रमण बन्द गर्न, द्धइए को संख्या बढाई खुला सीमाना नियमन गरियोस् ।

५. एमसीसी परियोजना लगायत राष्ट्र हित विपरीत भित्रिने वैदेशिक सहयोग र लगानी खारेज गरियोस् ।

६.उपल्लो कर्णाली लगायत राष्ट्रिय महत्वका आयोजनाहरू विदेशी कम्पनीहरूलाई कौडीको मूल्यमा विक्री नगर्न र स्वदेशी लगानीमा निर्माण गर्न पहल गरियोस् ।

७.नेपालमा निर्विवाद रूपले संचालनमा आएको भारु नोट र भारतीय नम्बर प्लेटका गाडी नियन्त्रण गरियोस् ।

८. वैदेशिक हस्तक्षप अन्त्य तथा प्रतिरोध गरियोस् ।

***जनतन्त्र सम्बन्धी***

९. जनताको अधिकार सुनिश्चित गर्न संघीय जनगणतन्त्रको स्थापना गरियोस् ।

१०. उत्पीडित जातिहरूलाई आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति सहित जातीय स्वायत्तता र स्वशासनको व्यवस्था गरियोस् ।

११. जातीय तथा क्षेत्रीय उत्पीडनको आधारमा पहिचान सहितको प्रदेशको नामांकरण गरी संघीय संरचना निर्माण गरियोस् ।

१२. उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्नका लागि राज्यका हरेक निकायमा पूर्ण समानुपातिक प्रतिनिधित्व र समावेशीता कायम गरियोस् ।

१३.कृषिमा वैदेशिक लगानी र भूमि बैंकको खारेजी तथा सामन्ती भूस्वामित्वको अन्त्यगरी क्रान्तिकारी भूमि सुधारका कार्यक्रम ल्याइयोस् ।

१४.छुवाछुत तथा समाजमा व्याप्त कुरीति, कुसंस्कार र भेदभावको अन्त्यका लागि आवश्यक कानुन बनाउनुका साथै सामाजिक रूपान्तरण्ाका कार्यक्रम सन्चालनमा ल्याइयोस् ।

***जनजीविका सम्बन्धी.***

***बेरोजगारसंग सम्बन्धित***

१५. बेरोजगार युवालाई रोजगार वा बेरोजगार भत्ताको अविलम्ब व्यवस्था गरियोस् ।

१६.पूर्ण, अर्ध र छद्म बेरोजगारको लगत संकलन गरी बेरोजगारलाई पूर्णरोजगारीको सुनिश्चित गरियोस् र आवधिक बेरोजगारसम्मलाई बेरोजगार रहेको अवधिका लागि मासिक बेरोजगारभत्ताको व्यवस्था गरियोस् । यसका लागि बेरोजगारको फर्म भर्ने समयसिमा नतोकी नियमित भर्नपाउने ब्यवस्था मिलाइयोस् ।

१७.स्थानीय निकायबाट सूचीकृत बेरोजगारहरूलाई सामूहिक रूपमा कृषि, उद्योग वा व्यवसाय गर्नका लागि निःशुल्क फर्म दर्ता तथा त्यसको बीमा र लगानीका लागि अनुदान र बजार व्यवस्थापनका लागि आवश्यक कार्यक्रम थालनी गरियोस् ।

१८. बेरोजगार युवाहरूलाई शीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने तथा सामुहिक उत्पादन कार्य गर्ने वातावरण बनाइयोस् ।

१९. उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरूको रोजगारीको सुनिश्चितताका लागि विशेष योजना तर्जुमा गरी शैक्षिक बेरोजगारीको अन्त्य गरियोस् ।

२०. नेपालभित्रका रोजगारीका सबै क्षेत्रमा नेपाली कामदारलाई प्राथमिकता दिइयोस् ।

२१.राष्ट्रिय युवा परिषदलाई ठूला दलका मातहतबाट एनजीओहरूलाई पोसाउने गरी कार्यक्रम संचालन गर्ने विधिको अन्त्य गरी युवाहरूलाई प्रत्यक्ष लाभ प्राप्त हुने गरी कार्यक्रम संचालनमा ल्याइयोस् ।

२२. प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगारलाई काममा लगाउँदा दिदै आएको रकम रु.५१७ लाई रु.१००० बनाइयोस् । साथै, सूचीकृत बेरोजगारहरू मध्ये जो कूल रोजगारी सिर्जना हुने संख्यामा परेका छैनन् तिनलाई रोजगारीको ग्यारेण्टी गर्ने योजना निर्माण तथा बेरोजगार भत्ताको सुनिश्चितता गरियोस् ।

२३.प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बेरोजगारको शीप र दक्षता अनुसार रोजगारी सिर्जना गरियोस्, रोजगार लक्षित सम्पूर्ण कार्यक्रम एकद्वार प्रणालीबाट सम्बोधन हुने वातावरण बनाइयोस् । एउटै व्यक्ति प्रधानमन्त्री रोजगार कार्यक्रमको आजीवन सदस्य बन्ने जस्तो वातावरणको अन्त्य गरी सामूहिक उत्पादन, स्वरोजगार तथा विभिन्न संघ संस्था उद्योग र प्रतिस्थानहरूमा काम गर्ने वातावरण बनाइयोस् ।

२४.युवा तथा साना व्यवसायी स्वरोजगार कोषको बिना धितो सहुलियतपूर्ण व्याजदरमा ऋण प्रदान गर्ने कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसंगै जोडेर स्थानीय निकाय मार्फत संचालनमा ल्याईयोस् ।

२५.लोकसेवा र इपिएस आदिमा सफल हुन नसक्नेका लागि अन्य रोजगारी अथवा बेरोजगार भत्ताको व्यवस्था गरियोस् ।

२६.वैदेशिक रोजगारीबाट स्वदेश फर्केका युवाहरूलाई स्वदेशमा नै रोजगारीको सिर्जना गरी विदेशबाट ल्याएको शीप र प्रविधिलाई प्रवर्धन गर्ने र रोजगारीको सिर्जना गर्ने वातावरण बनाउनु पर्दछ । वैदेशिक रोजगार बोर्डद्वारा संचालित सहुलियत कर्जा योजनालाई नियमित, सहज र सर्वसुलभ हुनेगरी कार्यान्वयनमा ल्याइयोस् ।

***बैदेशिक रोजगारसंग सम्बन्धित.***

२७. गोर्खा भर्ती केन्द्रबाट ब्रिटिस तथा भारतीय सेनामा रहेका नेपालीहरूले उठाएका जायज मागहरू सम्वोधन गराउन पहलकदमी लिइयोस् । अन्ततः गोर्खा भर्ती केन्द्र खारेज गरी नेपालमा नै रोजगारीको उपयुक्त व्यवस्था मिलाइयोस् ।

२८.वैदेशिक रोजगारीमा संलग्नहरूको जीउ, धन र श्रमको मूल्य सुनिश्चित गरी विदेशमा संकटपूर्ण अवस्थामा रहेका मजदुर एवं नागरिकहरूलाई सहजरूपमा स्वदेश फिर्तीका लागि पहल गरियोस् ।

२९.अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार श्रमिक भर्ना र यससँग सम्बन्धित खर्चहरूको सबै दायित्व रोजगारदाताले ब्यर्होनु पर्ने नीतिलाई कार्यान्वयनमा ल्याइयोस् । शून्य लागतमा र दश हजार रूपैंया सम्मको सेवा शुल्क तिरी वैदेशिक रोजगारमा जान पाउने देशमा जान पनि तोकिएको भन्दा धेरै रकम बुझाउन लगाउने म्यानपावरलाई खारेज गरियोस् ।

३०. QVC र VLN लाई खारेज गरियोस् ।

३१. वैदेशिक रोजगारमा जाने मजदुरलाई सम्झौता अनुसारको सेवा सुविधा र रोजगारदाताको सही सुचना लुकाई ठगी र मानव तस्करमा संलग्न म्यानपावरलाई खारेज गरियोस् ।

३२.म्यानपावर र वैदेशिक रोजगार विभागको मिलेमत्तोमा म्यानपावरबाट हुने गलत क्रियाकलाप र वैदेशिक रोजगारमा जाने मजदुर माथि हुने शोषणको अन्त्य गरियोस् । यसमा संलग्न म्यानपावर तथा सरकारी कर्मचारीलाई डण्द सजायको भागेदार बनाईयोस् ।

३३. शीघ्र भन्दा शीघ्र वैदेशिक रोजगारीको अन्त्य गरी युवाहरूलाई स्वदेशमा नै रोजगारीको व्यवस्था गरियोस् ।

***खेलकुदसंग सम्बन्धित***

३४.खेलकूदलाई राज्यले उच्च प्राथमिकतामा राखियोस् । खेलाडी, कोच तथा प्रशिक्षकको छनोट, उत्पादन र विकाशमा विशेष ध्यान दिइयोस् ।

३५. खेलकूदलाई विशिष्टिकृत गरी, प्राथमिकता र आवश्यकताका आधारमा खेल र खेलाडीको पहिचान गरी कम लगानीमा बढी प्रतिफल हासिल गर्ने वातावरण बनाइयोस् ।

३६. खेलकूद प्रतियोगितालाई व्यापक, सहज, सुलभ, नियमित र प्रभावकारी रूपमा संचालन गरी नयाँ प्रतिभाको खोजी तथा खेलकूदलाई स्वस्थ र अनुशासित जीवनको अभिन्न अंगको रूपमा प्रस्तुत गरियोस् ।

३७. प्रतियोगिता योग्य भौतिक संरचना, सुबिधा सम्पन्न पूर्वाधार निर्माण र खेल मैदानको निर्माण गरी त्यसको रक्षा विकास र प्रयोग गर्न आवश्यक योजना निर्माण तथा बजेट विनियोजन गरियोस् ।

३८. प्रविधि मैत्री खेलकूद र त्यससंग अभ्यस्त खेलाडी र प्रशिक्षक निर्माण तथा विकाशमा विशेष ध्यान दिइयोस् । स्मार्ट टेक्नोलोजीलाई नेपालको खेल जगतमा पुऱ्याई नेपालको खेल अन्तराष्ट्रिय प्रतिस्पर्धाको लागि तयारी गरियोस् ।

३९. खेलकूद सम्बन्धी पाठ्यपुस्तक र छुट्टै खेलकूद विषयको स्कूल, कलेज, विश्व विद्यालयको सञ्चालन गरियोस् ।

४०. रिक्रियसन सेन्टरको निर्माण, खेल र पर्यटनलाई संगसंगै विकाश गरेर आर्थिक उपार्जनसंग जोडियोस् ।

४१.राखेपको व्यवस्थापनलाई चुस्त बनाउनुका साथै राष्ट्रिय खेलाडी तथा प्रशिक्षकका रूपमा रहेका व्यक्तित्वलाई व्यवस्थापन समितिमा राखियोस् ।

***अन्य***

४२. उद्योग, प्रतिस्ठान तथा कृषि सहित सबै क्षेत्रका मजदुरका लागि समुचित न्यूनतम ज्याला निर्धारण गरियोस् । ठेकेदारी, करार तथा ज्यालादारी प्रथाको खारेज गरियोस् । 'नो वर्क नो पे' र 'हायर एण्ड फायर' को व्यवस्था खारेज गरियोस् ।

४३. शिक्षा र स्वास्थ्यमा भइरहेको निजीकरण र ब्यापारीकरणलाई अन्त्य गरी राज्यको दायित्वको रूपमा वैज्ञानिक एवं व्यावहारीक शिक्षा र स्वास्थ्य उपचार निःशुल्क उपलब्ध गराइयोस् ।

४४.सरकारी कर्मचारीका छोरा छोरीको पठनपाठन अनिवार्य रूपमा सरकारी विद्यालयमा नै गर्न गराउनु पर्ने कानुन कार्यान्वयनमा ल्याइयोस् । सरकारी विद्यालयमा पठन पाठनको गुणस्तरमा विकाश गरियोस् । सरकारी विद्यालयका विद्यार्थीहरूलाई निःशुल्क अध्ययन गर्न पाउने व्यवस्थाको साथै अध्ययन पछि सरकारी जागिरमा समावेशहुन प्राथमिकताको आधार बनाइयोस् ।

४५. शुरुमा १० लाख युवालाई र त्यसपछि प्रत्येक वर्ष बढी भन्दा बढी . ३ लाख ५० हजार ) युवाहरूलाई कृषि पेशामा संलग्न हुन तथा सो संग सम्बन्धित उद्योग व्यवसायमा आकर्षित गर्नको लागि विशेष कार्यक्रम संचालनमा ल्याइयोस् ।

४६.व्यावहारिक एवं वैज्ञानिक कृषि शिक्षाको पहुँच स्कूल तथा क्याम्पसका विद्यार्थी सम्म सर्भसुलभ बनाइयोस् । प्रत्येक शैक्षिक सत्रमा कृषि शिक्षा अध्ययनका लागि न्यूनतम ३ लाख ५० हजार विद्यार्थीहरूका लागि सिट व्यवस्था गरियोस् र कृषि शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निशुल्क शिक्षामात्र होइन भत्ताको पनि व्यवस्था गरियोस् ।

४७. कृषि तथा पशुपालनमा लाग्ने युवा तथा किसानको हितमा हुने अनुदान र सहुलियत ऋणका कार्यक्रम कार्यान्वयनमा ल्याइयोस् ।

४८. स्वदेशका कृषकलाई अहित हुने गरी विदेशबाट भित्रिने कृषि उत्पादनलाई बेरोकटोक भित्रनबाट रोक लगाई आवश्यकता अनुशार मात्र कृषि उपज आयात गर्ने व्यवस्था मिलाईयोस् । साथै, उत्पादित कृषि वस्तु निर्यातका लागि हुने बाढाअड्चन अन्त्य गरियोस् ।

४९.मल, व्यूउ तथा दानामा भएको परनिर्भरता र महँगीलाई नियन्त्रण गरी सहुलियत र सहजरूपमा उपलब्ध गर्नुका साथै स्वदेशमा सोको उत्पादनमा विशेष योजना ल्याइयोस् ।

५०.कृषिमा संलग्न युवालाई कृषि योग्य जमिनको *बाँकी ७ पेजमा*

# युवा लेखकहरूसित कुराकानी



● म्याक्सिम गोर्की ●

*उन्नाइसौं शताब्दी निराशावादी दर्शनहरूको शताब्दी हो । बीसौं शताब्दीमा आएर यो निराशावादले स्वभाविकरूपले ह्रासोन्मुख समाजतिर घोरतम उदासिनता र कठोरतम नैराश्यको रुप लिन पुग्यो । यसको भुमरीमा परेर त्यो मानवतावादलाई पनि पूर्णतया तिलाञ्जलि दिइयो, जसका बारेमा पहिलेका सबै पुँजीपतिहरूलाई ठूलो घमण्ड थियो । दया र सहानुभुतिको जुन ढोङ र आडम्बरले भरिपूर्ण नैतिकताको प्रतिपादन शोपेनहावरले गरेका थिए, धेरैले जसलाई स्वीकार पनि गरेको थिए, त्यसमाथि सिद्धान्तको क्षेत्रबाट नित्सेले भयानकरूपले प्रहार गरे भने व्यवहारको क्षेत्रबाट फासिवादले अझ अरु भयानक र निश्चयात्मकरूपमा त्यसलाई क्षत–विक्षत् बनाउँने काम गऱ्यो । आज पुँजीपति वर्गको कमजोर हुँदै गएको हातबाट यो शक्ति कायम राख्न पुँजीपति वर्ग हिटलरी फासिवादको रुपमा जुन वर्गसङ्घर्षमा प्रवृत्त हुन्छ, त्यसमा ऊ मानिसप्रति घृणा र जीवनप्रति असिम नैराश्यको प्रचारलाई नै आफ्नो मुख्य हतियार बनाउँछ*

आफ्नो जीवनलाई सञ्चालन गर्ने मूल शक्तिहरूलाई पत्ता लगाउन नभएर, आफ्ना विचारहरूलाई कुनै खास ठाउँमा पुऱ्याएर विश्राम गर्ने आतुरी भएको कारणले धेरै मानिसहरू सोच्ने र तर्क–वितर्क गर्ने काम गर्दछन् । उनीहरूमा प्रायः 'तर्क अथवा सन्देहभन्दा टाढाका' सत्यहरूको स्थापना गर्ने आतुरी मुख्यरूपले आलोचकहरूमा पाइन्छ र उपन्यासकार र कथाकारहरूमा पनि यसको नराम्रो प्रभाव पर्दछ । लेखकको काम धेरै नै श्रेयस्कर हुन्छ, किनभने त्यसको अनिवार्य परिणाम जीवन र निरन्तर परिवर्तनशील वास्तविकताहरूमा निहित सत्य सङ्कुचित व विकृत हुन जान्छ । एङ्गेल्सले (एङ्गेल्स अति नै बुद्धिमान मानिस थिए) मार्क्सवाद कुनै जड सिद्धान्त नभएर कार्यक्षेत्रमा बाटो देखाउँने दर्शन हो भनेर एकदमै सही भनेका हुन् । यदि साधारणरूपमा भन्ने हो भने हामी के भन्न सक्दछौं भने हाम्रा सम्पूर्ण कामहरूको उद्देश्य पुरानो संसारलाई बदलेर नयाँको निर्माण गर्नु हो । सोभियत श्रमिकहरूको सोह वर्षको वीरतापूर्ण श्रमका कल्पनातीत फलहरूले सारा संसारलाई असन्दिग्धरूपले के देखाएको छ भने श्रमिक वर्गमा कति जीवन–शक्ति, कति प्रतिभा र कति विराट् रचनात्मक कौशल हुन्छ । सोभियत सङ्घका हामी लेखकहरूले अहिलेसम्म न यस श्रमको असिम शक्तिमत्तालाई न त त्यसका सफलताका विविधता र वाहुल्यतालाई बुझेका छौं ।

व्यावहारिक अनुभवको ठोस आधारमा टिकेको विश्वासका साथ के भन्न सकिन्छ भने हामी आज संसारमा जुन काम गर्दैछौं, त्यसका सम्भावनाहरू आजका सबै कुराभन्दा र मानिसका आजसम्मका हजारौं वर्षका हरेक किसिमका श्रमबाट निर्मित कुराहरूभन्दा बढी छन् । आफ्नो देशका प्रति, आफ्नो साहित्यको उत्तरदायित्वलाई बुझ्न र त्यसलाई पूरा गर्न हामीले आधुनिक संसारको गम्भीर र विशिष्ट अध्ययन गर्नु जरूरी छ ।

साहित्यका के के अङ्ग छन् ? अर्थात् बिम्बहरू, चरित्रहरू र समष्टिको प्रतितिधित्व गर्ने (टाइप) पात्रहरूको शब्दहरूद्वारा चित्रण कसरी हुन्छ ? शब्दहरूका दर्पणमा जीवनका घटनाहरू र वास्तविकताहरू, प्राकृतिक दृष्यहरू र चिन्तनका प्रक्रियाहरूको प्रतिबिम्बन कसरी गरिन्छ ?

सँहित्यको मूल तत्व हो भाषा । भाषा नै साहित्यको मुख्य साधन हो र जीवनका यथार्थहरूसित गहिरो सम्पर्कमा आएपछि भाषाले साहित्यको कच्चा पदार्थका काम गर्दछ र यसैबाट साहित्यको निर्माण हुन्छ । एउटा असाध्यै राम्रो उखानमा भाषाको परिभाषा दिइएको छ– 'यो मह त होइन तर सबै ठाउँमा टाँसिन्छ ।' यसको अर्थ के हो भने संसारमा सञ्ज्ञा नभएको कुनै कुरा छैन । शब्द नै समस्त घटनाहरू र विचारहरूको परिधान हो । तर हरेक घटनाको सामाजिक महत्व त्यस घटनामा लुकेर रहेको हुन्छ र हरेक विचारमा किन कुनै विचारको रूप अरू नभएर त्यही नै हुन्छ, यसको कुनै–न–कुनै कारण हुन्छ । यदि कुनै साहित्यिक रचनाको उद्देश्य घटनाहरूभित्र लुकेको सामाजिक अभिप्रायलाई समग्र भावले, अति स्पस्टता र पूर्णतासहित उद्घाटन गर्नु रहेको छ भने सरल र भावहरूलाई एकदमै ठीक–ठीकरूपमा अभिव्यक्त गर्ने क्षमतासम्पन्न भाषाको आवश्यकता हुन्छ । यस कामका लागि होसियारीसाथ छानिएका शब्दहरू चाहिन्छ । हाम्रा पुराना कलाकारहरूको भाषा यस्तै थियो । त्यो त्यस्तो भाषा थियो, जसलाई शताब्दीयौंको विकासले पुष्ट बनाएको थियो । त्यो एक वास्तविक अर्थमा साहित्यिक भाषा हो, यद्यपि त्यसको उद्‌भव जनताको बोलीचालीको भाषाबाट भएको हो । तथापि त्यो आफ्नो मूल श्रोतभन्दा धेरै नै फरक छ, किनभने वस्तुहरूलाई शब्दद्वारा प्रस्तुत गर्ने क्रियामा त्यसमा भएका सबै क्षणिक, अस्थिर, अपष्कृत र विकृत ध्वनि भएका तत्वहरू निस्किएका छन्, जुन बोलीचालीका भाषामा पाइन्छन् । तर थुप्रै कारणले तिनको भाषाको मूल आत्मासित मेल हुँदैन । भाषाको मूल आत्मा भन्नाले हाम्रो मूल आसय भाषाको त्यो रूपसित छ, जुन त्यसलाई बोल्ने मानिसहरूमा समानरूपले प्रचलित छ । बोलीचालीको भाषा लेखकहरूद्वारा चित्रित चरित्रहरूको कथोपकथनमा सुरक्षित रहन्छ भन्ने स्वयंसिद्ध कुरो हो । तर त्यसको उपयोग चरित्रलाई अझ बढी सजीव ढङ्गले प्रस्तुत गर्नका लागि गरिनुपर्दछ ।

युवावस्थामा मलाई पनि नयाँ शब्द निर्माण गर्ने ठूलो सनक चलेको थियो । सरकारी वकिलहरू र अभियुक्तहरूका वकिलहरूको धारा प्रवाही वक्तृताले ती केटौले प्रयत्नहरूलाई धेरै नै प्रोत्साहन मिल्दथ्यो । त्यहाँ पाप र पुण्य दुवै एउटै समान सुन्दर शब्दहरूमा छाँटिएर उभिएका हुन्थे र अभियोग लगाउँनेहरू तथा अभियोगबाट आफूलाई बचाउँनेहरू दुवै नै एउटै शब्दावलीको समातेर चातुर्यका साथ गर्दथे । मलाई त्यो देखेर अचम्म लाग्दथ्यो र मचाहिँ नयाँ शब्द बनाउँने मूर्खतापूर्ण प्रयत्नहरूमा कापीहरू एक–पछि–अर्को रङ्गाएर फ्याक्दै जाँदै थिएँ । यो पनि एक किसिमको रोग नै थियो । मैले वास्तविक जीवनलाई के कुराका लागि धन्यवाद दिनैपर्दछ भने उसले एउटा राम्रो चिकित्सकले भैँ मलाई चाँडै नै यस रोगबाट निको पाऱ्यो ।

संस्कृतिको इतिहासले हामीलाई के भन्दछ भने भाषाहरूले विशेषगरी त्यसकालमा समृद्धि लाभ गर्दछन्, जतिखेर सामाजिक आन्दोलनले तीव्र रूप लिएको हुन्छ, जतिखेर उत्पादनका नयाँ साधनहरूको प्रयोग हुन थाल्दछ र वर्गसङ्घर्ष तीक्ष्णतर हुन्छ ।

हाम्रो यस भनाईको पुष्टि लोकगीत, लोकोक्ति आदिबाट पुष्टि हुन्छ । बोलीचालीको भाषाको विकासको प्राकृतिक ढङ्ग पनि यही नै हो । यस क्षेत्रमा कृत्रिम 'मौलिकताहरू' को पनि त्यसरी नै स्थान हुदैन, जसरी पुराना शब्दहरूलाई अर्थात् अर्थ घोटिँदा–घोटिँदा नष्ट भैसकेका शब्दहरूलाई समातेर बसिरहँने प्रवृत्तिलाई स्थान हुँदैन । आफ्नो कुरो प्रष्ट पार्न म के भनिहालौं भने मास्कोका सडकहरूमा हुँने गफप्रति पुस्किनका मनमा निकै आदर थियो र यस हिसाबले उनले आफ्नी नर्स अरिना रेदियोनोभ्नाबाट धेरै नै सिकेका थिए । हाम्रो बोलीचालीको भाषाको अनुपम विद्वान लेस्कोभले पनि एक सैनिककी पत्नी, आफ्नी नर्सबाट धेरै नै सिकेका थिए । सामान्यरूपले कुन कुरो लक्ष्य गर्न सकिन्छ भने नर्सहरू, ड्राइभरहरू, माझीहरू, सिकारीहरू र शारीरिक श्रम गर्ने सामान्य स्थितिका महिला–पुरुषहरूले हाम्रो साहित्यिक भाषाको विकासलाई निश्चितरूपले प्रभाव पारेका छन् । तर ती साहित्यकार नै थिए, जसले दैनिक जीवनको बोलीचालीको भाषाको निर्बन्ध धाराहरूका माझबाट सबभन्दा सरल, सबभन्दा बढी अर्थवाही र अधिकाधिक उपयुक्त शब्द चयन गरेर भाषालाई समृद्ध बनाए ।

साहित्यको दोस्रो अङ्ग हो– विषयवस्तु । विषयवस्तुको अभिप्राय त्यस विचारसित छ, जुन साहित्यकारको मनमा जीवनबाट प्राप्त हुँने अनुभवबाट उत्पन्न हुन्छ । यो विचार साहित्यकारको मष्तिस्कमा रूप ग्रहण नगरी बसिरहेको हुन्छ र यसले आफूलाई रूप देऊ, चित्रित गर भनेर साहित्यकारलाई निरन्तर उद्वेलित गरिरहन्छ ।

संसारमा अनेक किसिमका विषय छन्– केहीलाई सनातन विषय भन्न सकिन्छ, जस्तो मृत्यु र प्रेम । केही यस्ता विषय हुन्छन्, जुन सामाजिक परिस्थितिहरूबाट उत्पन्न हुन्छन् र जसको मूलमा व्यक्तिवाद हुन्छ, जस्तो ईर्ष्या, प्रतिशोध, लोभ आदि । तर धेरै समयअघि नै कुन कुरो भनिसकिएको छ भने हरेक कुरो परिवर्तन हुन्छ र घाम वा जूनको छायाँमा शास्वत भन्ने कुनै कुरो छैन । अब क्रान्तिको घाम उदाएको छ र त्यसले हाम्रो संसारमाथि प्रकाश फैलाइरहेको छ । त्यस प्रकाशमा हामी के देख्न सक्छौं भने ती 'शास्वत' विषयहरूका मूलमा व्यक्तिको त्यो असहायता र करूण मित्रहीनता थियो, जुन हिंस्रक वर्गसङ्घर्षमा आधारित समाजमा व्यक्तिका लागि अनिवार्य हुन्छ, यो त्यस्तो सङ्घर्ष हो, जसमा हरेक व्यक्ति अर्को व्यक्तिसित भातको एक गासका लागि र शक्तिका लागि लड्दैछ । धेरै मानिसहरू राम्ररी नै कुन कुरो जान्दछन् भने पुँजीवादी समाजको ज्यादै ठूलो विशेषता यसका अधिकांश सदस्य जीवनका सामान्यभन्दा सामान्य आवश्यकताका वस्तुहरू जुटाउन आफ्नो सम्पूर्ण शक्ति खर्च गर्दछन् । मानिसहरू आफ्नो जीवनको यो घृणित र अपमानजनक 'विशेषता' मा अभ्यस्त भएका छन् र यसकारणले उनीहरूले आफ्नो सम्पूर्ण ध्यान आफैमाथि केन्द्रीत गर्नुपर्दछ र आफ्नैबारेमा चौबिसै घण्टा सोचिरहँनुपर्दछ । त्यसो भएर पनि यस सामाजिक प्रणालीको यो भयावह प्रकृतिलाई बुझ्ने मानिसहरू भने कमै मात्र फेला पर्दछन् ।

समाजवादी वर्गहीन समाजको स्थापना भएपछि जुन नयाँ सामाजिक अवस्था उत्पन्न भएको छ, त्यसका कारणले यी 'शास्वत' साहित्यिक विषयहरूमध्ये केही लोप भैसकेका छन् भने केहीको चाहिँ अर्थ नै पूर्णत बदलिएको छ । हाम्रो युग त्यस्तो छ, जहाँ एक व्यक्तिको मृत्यु (उसको सामाजिक महत्व जतिसुकै ठूलो किन नहोस्) भन्दा कता हो कता बढी महत्वपूर्ण र धेरै करूण विषयहरू साहित्यकारले सहजै भेट्टाउँछन् । व्यक्तिवादीहरूलाई यो कुरो राम्रो लाग्दैन, तर इतिहासले त स्वयं व्यक्तिहरूलाई नै मृत्युको सजाय दिइसकेको छ ।

साहित्यको तेस्रो अङ्ग हो– विन्यास अर्थात्, मानिसहरूको पारस्परिक सम्बन्ध, अन्तरविरोध, सहानुभुति, वैमनस्य र तिनको सामान्य आपसी सम्बन्ध । म के ठान्दछे भने यी तीन अङ्गबाट 'साहित्य' शब्दको समग्र अर्थको बोध हुन्छ, यदि हामी त्यसभित्र केवल नाटक, उपन्यास र कथालाई पार्दछौं भने शैलीका सम्बन्धमा हामी कुराकानी गर्न सक्दछौं तर त्यो एउटा त्यस्तो कुरो हो, जुन लेखकको प्रतिभाको व्यक्तिगत गुण हो, यद्यपि के कुरो बिर्सन हुँदैन भने यी व्यक्तिगत विशेषताहरूको उत्पत्ति र विकास पनि बाहिरी कारणबाट निर्धारित हुन्छ ।

म केही कुराहरू यथार्थवादका बारेमा भन्न चाहान्छु । कुन दृष्टिले भने यो उन्नाइसौं शताब्दीको साहित्यको आधारभूत र सबभन्दा बढी फलप्रद प्रवृति हो । एउटा त्यस्तो प्रवृति, जुन बिसौं शताब्दीसम्म प्रचलनमा छ । यस प्रवृतिको सबभन्दा ठूलो विशेषता यसको तीक्ष्ण बुद्धिवाद र आलोचना दृष्टि हो । जुन मानिसहरूले यसलाई जन्माए, ती मानिसहरू खासगरी त्यस्ता मानिस थिए, जो बौद्धिकरूपले आफ्नो पारिपार्श्विक समाजभन्दा अघि बढेका थिए र जो प्रस्टरूपमा आफ्नो वर्ग सामाजिक र रचनात्मक दृष्टिले पुंसत्वहीनताको परिचय उनीहरूले आफ्नो शक्तिलाई यथावत राख्ने प्रयत्नस्वरूप यस वर्गले गरेको वर्वर दमनमा पाए । यी मानिसहरूलाई पुँजीपति वर्गका 'उच्छृङखल पुत्र' भन्न सकिन्छ । बाइबलमा जुन 'प्रोडिगल सन' को उल्लेख भएको हो, त्यही सरह यी मानिसहरूले आफ्नो परिवारको कारागारलाई भत्काए र जड मतवादी र परम्पराबाट प्राप्त संस्कारहरूको भारीबाट आफूलाई मुक्त पारे । यीमध्ये धेरैजसो मानिसहरू आफ्नो मन परेको खाना खान फेरि आफ्नो वर्गमा फर्किएनन्, यसका लागि हामीले तिनलाई धन्यवाद दिनैपर्दछ । उन्नाइसौं शताब्दीको युरोपेली यथार्थवादीहरूका बारेमा हाम्रो दृष्टिकोण बुर्जुवा आलोचकहरूको मतबाट धेरै नै प्रभावित छ । यी आलोचक भाषा र विषयको गुण–दोषको विवेचना गर्दछन् तर विषयवस्तुको सामाजिक महत्वलाई पत्ता लगाउँने र तिनको उद्घाटन गर्ने साहित्यको सामाजिक महत्वलाई बुझ्दै । स्तान्धालको स्वागत आलोचकहरू मौनताले गरे । हाम्रो देशमा ज्यादै थोरै मानिसहरू विदेशी पुस्तकहरू मौलिक भाषामा पढ्दछन् र त्यसभन्दा पनि कम मानिसहरू पश्चिमका साहित्यकारहरूको जीवनको इतिहास, उनीहरूको कार्यप्रणाली र विकाससित परिचित छन् ।

पुँजीपति वर्गका यी 'उच्छृङखल पुत्रहरू' को साहित्य कुन दृष्टिले ज्यादै मुल्यवान छ भने वास्तविकताहरूप्रति यिनको दृष्टिकोण आलोचकको छ । उन्नाइसौं शताब्दीमा धेरै वैज्ञानिक र ओद्योगिक प्रगति भयो । यसको फलस्वरूप पुँजीवादी राज्यहरूको आर्थिक आधारलाई सुदृढ बनाउन निकै नै सफलता प्राप्त भयो । तर फ्रान्सेली साहित्य–त्यतिखेर यो युरोपको प्रधान साहित्य थियो–पुँजीपतिहरूको यस हलचलबाट त्यति खुसी थिएन र उसले मेसिनहरूको बढ्दो प्रभावको प्रशस्तिमा गीत गाएन ।

त्यस समाजमा व्यक्तिलाई आफ्नो स्थिति अनिश्चित लाग्दथ्यो । त्यही अनिश्चिततजन्य निराशाको पूर्ण स्वीकृति उन्नाइसौं शताब्दीको साहित्यको मौलिक र मुख्य विषयवस्तु हो । शोपनहावर, हार्टमन, लियोपार्दी, स्टर्नर र अन्य अनेकौं दार्शनिकहरूले जीवनको व्यर्थताको उपदेश दिएर यस चेतनालाई अझ बढी पुष्ट बनाए । जीवनलाई व्यर्थ ठान्ने यस दर्शनको मूलमा पनि व्यक्तिको अरक्षणीयता र समाजमा उसको एक्लोपनको चेतनाले नै काम गरेको थियो । सोभियत सङ्घको विजयी वर्गले जुन नयाँ संसारको निर्माण गरेको छ, त्यसमा व्यक्ति आर्केटिकको हिम–प्रदेशहरूमा हराउँने वा मृत्युको स्थायी आशङ्कामा रहँनुपर्ने स्थितिमा समेत आफूलाई एक्लो र असहाय अनुभव गर्दैन ।

उन्नाइसौं शताब्दी निराशावादी दर्शनहरूको शताब्दी हो । बीसौं शताब्दीमा आएर यो निराशावादले स्वभाविकरूपले ह्रासोन्मुख समाजतिर घोरतम उदासिनता र कठोरतम नैराश्यको रूप लिन पुग्यो । यसको भुमरीमा परेर त्यो मानवतावादलाई पनि पूर्णतया तिलाञ्जलि दिइयो, जसका बारेमा पहिलेका सबै पुँजीपतिहरूलाई ठूलो घमण्ड थियो । दया र सहानुभुतिको जुन ढोङ र आडम्बरले भरिपूर्ण नैतिकताको प्रतिपादन शोपेनहावरले गरेका थिए, धेरैले जसलाई स्वीकार पनि गरेको थिए, त्यसमाथि सिद्धान्तको क्षेत्रबाट नित्सेले भयानकरूपले प्रहार गरे भने व्यवहारको क्षेत्रबाट फासिवादले अझ अरू भयानक र निश्चयात्मकरूपमा त्यसलाई क्षत–विक्षत् बनाउँने काम गऱ्यो । आज पुँजीपति वर्गको कमजोर हुँदै गएको हातबाट यो शक्ति कायम राख्न पुँजीपति वर्ग हिटलरी फासिवादको रूपमा जुन वर्गसङ्घर्षमा प्रवृत्त हुन्छ, त्यसमा ऊ मानिसप्रति घृणा र जीवनप्रति असिम नैराश्यको प्रचारलाई नै आफ्नो मुख्य हतियार बनाउँछ ।

यहीनेर के पनि थप्नु उचित होला भने पुँजीवादका केही सुयोग्य नोकरहरूलाई पनि (पुँजीवादी व्यवस्थामा) व्यक्तिको सामाजिक स्थितिको अस्थायित्वको आभाष र आभाषमात्र होइन, ज्ञानसमेत थियो । उन्नाइसौं शताब्दीको लगभग सबै आत्मजीवनी छाडेर जाने प्रमुख सार्वजनिक मानिसहरूले पुँजीवादी समाजको अत्यन्त असन्तोषजनक सङ्कटनका बारेमा विस्तृतरूपमा लेखेका छन् ।

सोभियत सङ्घका विजयी श्रमिकहरूले आजसम्म जुन अनेकौं सेवाहरू गरेका छन्, तिनमा एउटा के पनि हो भने उसका आश्चर्यजनक र वीरतापूर्ण कार्यहरूले संसारबाटै निराशावादका खियाहरूलाई खुर्केर फ्याँकिएको छ ।

पुँजीपति वर्गका 'उच्छृङ्खल पुत्रहरू' को यथार्थवादको दृष्टि आलोचनापरक थियो । त्यसले समाजका खरावीहरूको अनावरण गऱ्यो र पारिवारिक संस्कारहरू, धार्मिक जडताहरू वा कानुनी दाउपेचहरूको बन्धनमा जकडिएको व्यक्तिको जीवनको रोमाञ्चक कथा लेख्यो । तर यसले मानिसहरूलाई यो कारागारबाट मुक्त हुँने बाटो भने देखाउन सकेन । हरेक कुराको आलोचना गर्नु त सहज थियो तर आलोचकहरूसित सामाजिक जीवन वा साधारणतया: 'जीवन' एउटा एकदमै निरर्थक बेइमानी कुरो हो भन्नुभन्दा अरू केही नै थिएन । आलोचक स्वयंले कुनखालको समाज चाहान्छन् ? त्यसको कुनै निश्चित रूपरेखा उनीहरूसित थिएन । यो कुरो बाइरनदेखि टमस हार्डी (सन् ३२ मा मरे) सम्म, शातोब्रियाँका पुस्तकहरूदेखि बोदलेयर र अनातोले फ्रान्स (यिनको सन्देहवाद धेरैजसो निराशावादसित

*बाँकी ४ पेजमा*

## ❑कविता

### सिद्धिका साधना गरौं



● मित्रलाल पंगेनी ●

दुःख छन्, दुःख यी झेल्ने धीरता गाँस ए प्रिया
झिल्का छन्, क्रान्ति भै जाग्लान्, आसले हाँस ए प्रिया
पार पाइन्न भागेर सामना गर्नु नै छ यो
दुःख यो कति हो भोग्ने ! अब ता अति नै भयो

छैनन् मन्दिरमा द्यौता, छैनन् ती मूर्तिमा पनि
यो अत्याचार के हुन्थ्यो देवता त्यैं थियो भने
चर्च मस्जिद गुम्बामा भगवान् भेटिने भए
निर्धाको दिन फिर्दो हो, निर्धा झन् दलिँदै गए
आफ्नै पौरखले मान्छे सके बाँच नभा मर
देख्तैनन् दैवले, आफ्नो बन्दोबस्त स्वयम् गर

निम्न आँट्यो नठोस्नाले अगुल्ठो नै बरा भयो
घातकी पातकीले नै जरा गाड्ने धरा भयो
निर्धामाथि नियाँ हुन्न धनीका तजबीजले
न्यायनिम्ति सधै जागी आँटले युक्तिले चले

बाटो छैन चुली चुम्ने ? बन्छ बाटो खनेपछि
प्रेमका गीत जन्मन्छन् मायाले हो भनेपछि
खुल्ला हून् आँतका दैला मनमैदानमा झरौं
के के हुन् कामना हाम्रा सिद्धिका साधना गरौं

## नेपाल पत्रकार महासंघको प्रदेश साधारणसभामा क्रान्तिकारी पत्रकार महासंघलाई 'वायस' गरिएकोमा आपति प्रकट

❑ **टेक मास्की**

बुटवल - जनपक्षीय पत्रकारहरुको साझा संस्था क्रान्तिकारी पत्रकार महासघ रुपन्देहीले रणनैतिक संयुक्त मोर्चाको फागुन ६ गतेको कार्यक्रममा प्रचारकर्ताको भुमिका गर्ने भएको छ । महासंघको बुटवलमा सोमवार भएको छलफलमा प्रचारकर्ताको रुपमा महासंघले भुमिका गर्ने भएको जिल्ला सचिव मानबहादुर केसीले बताउनुभयो । कार्यक्रममा नेकपा( क्रान्तिकारी माओवादी) पो लिटब्युरो सदस्य तथा प्रदेश ईञ्चार्ज प्रेम सुवेदीले पत्रकारहरुले जनपक्षीय पत्रकारिताको मिसनलाई छोड्न नहुने बताउनुभयो । उहाँले जनतालाई सही सुचना दिने प्रचारकर्ताको रुपमा क्रान्तिकारी पत्रकारले भुमिका खेल्नुपर्ने बताउनुभयो ।

छलफलमा क्रान्तिकारी माओवादी केन्द्रीय सदस्य पिताम्बर आचार्य जिल्ला सेक्रेटरी बिनो द मरासिनी क्रान्तिकारी पत्रकार महासघका को षाध्यक्ष एंव लुम्बिनी प्रदेश संयोजक रवि पाण्डे यलागयत सहभागी हुनुभएको थियो ।

छलफलमा नेपाल पत्रकार महासंघको भालुवाङमा भएको प्रदेश साधारणसभामा क्रान्तिकारी पत्रकार महासंघलाई वायस गरे को भन्दै खेद प्रकट गरिएको संयोजक पाण्डे यले जानकारी दिनुभयो । सो क्रममा क्रान्तिकारी पत्रकार महासंघ , जनपत्रकार संघ र मुद्धा मिल्ने पत्रकार संघसंगठन बीच चुनावी मोर्चाबन्दी गर्ने बिषयामा अन्तरक्रिया गरिएको थियो ।

## राष्ट्रिय उद्योग–व्यापार–व्यवसायी महासंघको संयोजकमा जितेन्द्र दाहाल

काठमाडौं । मोहन वैद्य 'किरण' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट उद्योग–व्यापार–व्यवसायी महासंघको विस्तारित बैठकले १५ सदस्यीय राष्ट्रिय भेला आयोजक समिति गठन गरेको छ ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य 'किरण' को प्रमुख आतिथ्यता र सो पार्टीका बागमती प्रदेश इन्चार्ज दिनेश शर्मा 'सागर' को आतिथ्यतामा सम्पन्न विस्तारित बैठकले यथासिघ्र राष्ट्रिय भेलाको आयोजना गर्ने निर्णय गर्दै राष्ट्रिय भेला आयोजक समिति गठन गरेको हो ।

जितेन्द्र दाहालको संयोजकत्वमा पुनर्गठित राष्ट्रिय भेला आयोजक समितिका सदस्यहरूमा केशर प्रधान, प्रविन पौड्याल, विजय खड्गी, नवराज ढकाल, तिलक चौलागाईं, दिपक न्यौपाने, हरिकृष्ण खनाल, कृष्णप्रसाद धमेसु, अशोक श्रेष्ठलगायत रहेका छन् ।

## वैज्ञानिक...

रहेको मालिक र दासहरूको संघर्षबाट दासयुग किसानको अन्त्य भई सामन्ति युग आयो । सामन्ति समाजमा पहिलेका मालिकहरू सामन्तको रूपमा र पहिलेका दासहरू भूदासको रूपमा रूपान्तरण भयो । सामन्ति समाजमा किसान र सामन्ति दुई बिरोधी वर्गको बिच संघर्ष भई सामन्ति समाज पुँजीवादी समाजमा रूपान्तरण भयो । पुँजीवादले सर्वहारा वर्गको जन्म दियो फलस्वरूप सर्वहारा वर्गले मार्क्सवाद प्रयोग गरी बल प्रयोगद्वारा पुँजीवादी राज्यसत्ता ध्वस्त गरि सर्वहारा वर्गको अधिनायकत्व भएको समाजवादी व्यवस्था आयो ।

पुँजीवादी समाजमा सबै चिजको विकास भै सकेको हुन्छ तर देशको सबै सम्पत्ति अल्पसंख्यक व्यक्ति ५% को हातमा हुन्छ । जहाँ बहुसंख्यक ९५% जनता सर्वहारा हुन्छन् जसले दैनिक श्रम गर्दछन् भने उनीहरूको सम्पत्ति आफ्नो २ वटा हात मात्र हुन्छन् । पुँजीवादी समाजको समस्याको समाधान समाजवादी व्यवस्थाले मात्र गर्न सक्छ भन्ने मान्यता कम्युनिष्टहरूको हो । पुँजीवादबाट समाजवादमा जान वर्ग संघर्षबाट सत्ता खोस्न बल प्रयोगबाट अघि बढ्नुपर्ने कम्युनिष्टहरूको वैज्ञानिक अवधारणा छ भने पुँजीवादी र संशोधनवादीहरू वर्ग समन्वय, शान्तिपूर्ण रूपान्तरण चुनावद्वारा पुँजीवादबाट समाजवादमा रूपान्तरण हुने कुरा मान्दछन् । सामाजवादमा कलकारखाना, स्कूल कलेज, विश्व विद्यालयहरू निजित्व उन्मूलन गरी राष्ट्रियकरण गरिन्छ । समाजवादमा उत्पादन र सेवाको साधनमाथि सार्वजनिक स्वामित्व, समाजको समान अधिकार प्राप्त सदस्यहरको शोषणमुक्त श्रममा आधारित हुन्छ । राजनीतिक स्वतन्त्रताको उच्चतम रूप, जनताको समाजवादी स्वसाशन, नागरिकको सच्चा राजनीतिक अधिकार मुक्ति, कानुनको दृष्टिमा समानता, अधिकार र दायित्वको एकतालाई सुनिश्चित गर्ने समाज र राज्य संचालनमा सर्वहारा वर्गको सहभगिताको ज्ञारेन्टि गर्ने साथै सर्वहारा वर्गको नेतृत्व र अधिनायकत्व ज्ञारेन्टि गर्ने मार्क्सवादी दृष्टिकोणलाई वैज्ञानिक समाजवाद भनिन्छ । समाजवादमा हरेकलाई काम गर्न समान, अनिवार्य अवसर जहाँ क्षमता अनुसार काम र काम अनुसार ज्याला हुन्छ । समाजवादमा सबैको उन्नत्ति हुन्छ ।

मार्क्स र एंगेल्सले पियरे जोशेफ प्रुधोंको (सन् १८०९-१८६५) अराजकतावाद दक्षिणपन्थी सुधारवाद, लुईस यौंगुष्ट ब्लाँकि (सन् १८०५-१८८१) र मिखाईल एलेक्सेन्द्रो वीच बाकुनिनको (सन् १८१४-१८७६) उग्रवाद सहित सबैखाले प्रतिकृयावादसित संघर्ष गरि खारिएको वैज्ञानिक समाजवादी सिद्धान्त निर्माण गरेको हो । सामन्तवाद र पुँजीवाद भन्दा अहिलेसम्मकै सर्वोकृष्ट बिचार वैज्ञानिक समाजवादी धारा काल मार्क्स र एंगेल्सले संश्लेसित र विकसित गर्नु भएको हो जुन सर्वप्रथम सन् १८४८ मा कम्युनिष्ट घोषणपत्र मार्फत विश्वमा प्रस्ताव गर्नुभयो फलस्वरूप सन् १८७१ मा पेरिसका मजदुरहरले प्रयोग गरि पुँजीवादी सत्ता ढाली पेरिस कम्युन सत्ता स्थापित भएता पनि सर्वहारा वर्गको छुट्टै पार्टी र सेनाको अभावले गर्दा त्यो सत्ता ७२ दिन पछि ढल्न गयो । मार्क्स र एंगेल्सले राजनीतिक अर्थशास्त्रमा आर्थिक व्याख्या र अतिरिक्त मूल्यको सिद्धान्त संस्लेषित गर्नु भएकोले समाजवादलाई वैज्ञानिक बनाईदियो । मार्क्स र एंगेल्सले समाजवादको चार पहलुको जसमा (१) बल प्रयोगको सिद्धान्त (२) रचनात्मक पहलु (३) शैक्षणिक पहलुं (४) उच्चतम प्रकारको जनतन्त्रको पहलुको विश्लेषणात्मक संस्लेषित गरी समाजवादलाई उच्च र व्यवहारिक बनाउनु भयो । मार्क्सको सन् १८८३ मा मृत्यु भयो, एंगेल्सको सन् १९९५ मा मृत्यु भयो ।

मार्क्स र एगेल्सले निर्माण गरी पेरिस कम्युनद्वारा प्रयोग गरि त्यसबाट विकसित गरिएको माकर्सवादी समाजवादी धारालाई उहाँहरूको मृत्यु पछि रुसका भ्लादिमिर ईल्यीच उल्यानोभ लेनिनले (सन् १८७०-१९२४) निम्न योग्दान दिनुभयो । (१) अध्ययन, विकस र प्रचारः- वैज्ञानिक समाववादी सिद्धान्तलाई लेनिनले गहिरोसित अध्ययन गरी त्यसको उन्नत, बिकास गरी विश्वव्यापी रूपमा प्रचार गर्नुभयो । (२) समाजवादी धाराको रक्षा र विकासः- लेनिनले मार्क्स र एंल्गेल्सको मृत्यु पछि दक्षिणपन्थी एडवर्ड बर्नस्टिन र बेलायती फेवियनवादीहरूले मार्क्सवादलाई संशोधन गरी शान्तिपूर्ण विकासवादी प्रकृयाद्वारा समाजवादमा जान सकिने मान्यताको विरुद्ध लेनिनले "राज्य र क्रान्ति" नामक पुस्तक लेखि "समाजवादको स्थापना क्रान्तिकारी साधनद्वारा क्रान्तिकारी सशस्त्र मार्फत मात्र सम्भव छ ।" भन्नुभएको छ, किनकी पुँजीवादी राज्यसत्ता सर्वहारा वर्ग दमन गर्न सशस्त्र बल सहित सुशजित हुन्छ । त्यसैगरी मार्क्सवादको आलोचना गर्दै ए. वग्दानोभ, ए.ल्युनावास्की र वेचेनेर्ड मिलेर आध्यात्मवाद र भौतिकवाद भन्दा अर्को दर्शन, "आलोचनात्मक अनुभववाद" जुन अष्टिमाचको वैज्ञानिक अनुभववादको आधारमा प्रतिपादित संशोधनवादी सिद्धान्त थियो । त्यो आदर्शवादी र प्रतिगामी सिद्धान्त भएकोले त्यो बाटो जाँदा आध्यात्म र अन्धविश्वासमा पुग्ने छौ भन्दै लेनिनले प्रगति, क्रान्ति, विज्ञान नजिक पुऱ्याउने द्वन्द्वात्मक भौतिकवाद र प्रकृति विज्ञान एकै विन्दुमा पुग्ने मार्क्सको विचारलाई आत्मसाथ गर्दै द्वन्द्वात्मक भौतिकवादलाई उच्च स्थानमा पुऱ्यााई वैज्ञानिक समाजवादलाई रक्षा र विकास गर्नुभयो । लेनिनले अर्न्तरबिरोधलाई व्यवहारिक पुष्टि गर्दै (१) गणितमा प्लस (+) र माइनस (–) (२) यन्त्र विज्ञानमा क्रिया र प्रतिक्रिया (३) भौतिक विज्ञानमा घनात्मक र ऋणात्मक विद्युत (४) रसायन शास्त्रमा परमाणुको संघटन र विघटन (५) समाज विज्ञानमा वर्ग संघर्ष रहन्छ, यसबाट परिवर्तन र विकास हुन्छ भन्नु भएको छ ।

(३) परिस्थितिको विश्लेषणः- १९ औ सताब्दीको मार्क्सको समिक्षा एउटा देशमा मात्र समाजवादी, क्रान्ति हुन नसक्ने वरु धेरै देशहरूमा हुने भन्नेमा बिसौं शताब्दी सुरु हुने वित्तिकै पुँजीवादले साम्राराज्यवादमा फड्को मारेकोले उनीहरू बिच अन्तर बिरोध बढेकोले अब एउटा देशमा पनि समाजवादी क्रान्ति हुने अवस्था श्रृजना भयो त्यसमा लेनिनले बिसौ सताब्दीको बस्तुगत परिस्थितीको ठोस विश्लेषण गर्दै अब एउटा देशमा त्यसमा पनि रुसमा समाजवादी क्रान्ति हुने कुरा निष्कर्ष निकाल्नु भयो । लनिनले "मार्क्सवाद भनेको ठोस परिस्थितीको ठोस विश्लेषण गरी प्रयोग गर्नु हो ।" भन्नुभयो ।

(४) पार्टी र कार्यदिशाः- लेनिनले पुँजीवादी मुलुकमा समाजवादी क्रान्ति गर्न लडाकु कम्युनिष्ट पार्टी पूर्णकालिन नेतृत्व चाहिन्छ जुन किसान र मजदुरबाट प्रशिक्षित हुनु पर्छ भन्ने अवधारणा ल्याई जनवादी केन्द्रियताको संगठनात्मक सिद्धान्त संश्लेषित गर्नु भयो । लेनिनले बिकसित देशमा राजनीतिक कार्य दिशा समाजवादी क्रान्ति र फौजी कार्य दिशा सशस्त्र आमजन बिद्रोह जुन शहरबाट गाउँ घेर्ने, वैधानिकवाट अवैधानिक आन्दोलनमा फड्को मार्ने र केन्द्रिय सत्ता लिई स्थानीय सत्ता थप्दै जाने विशेषता सहितको फौजी विज्ञानको विकास गर्नुभयो ।

(५) समाजवादी क्रान्ति सम्पन्नः- लेनिनले रुसमा कम्युनिष्ट पार्टी (वोल्शेभिक) निर्माण गर्नुको साथै सेना निर्माण गरी रुसमा विश्वमै पहिलो पटक अल्पकालिन सशस्त्र आमजन विद्रोहद्वारा सन् १९१७ अक्टोवर २५ का दिन समाजवादी क्रान्ति सम्पन्न गर्नुभयो । लेनिनले समाजवादी सिद्धान्तलाई उन्नत, विकास, प्रयोग गरी सन् १९२४ मा उहाँको निधन भयो । लेनिनको मृत्युपछि जोशेफ स्टालिनले (सन् १८६९-१९५३) कथित स्थायी क्रान्ति भन्ने टाटस्कीपन्थीहरूलाई पत्तासाफ गरी सोभियत संघको समाजवादलाई उन्नत र बिकास गर्नुभयो । स्टालिनले साम्राराज्यवादीहरूले दोस्रो विश्वयुद्धद्वारा सोभियत संघको समाजवादी ध्वस्त गर्न लागेका थिए तर स्टालिनले डटेर सामना गरी महान् सोभियत संघ र समाजवादको रक्षा गरी आफ्नो जीवनको अन्तिम काल सन् १९५३ सम्म सोभियत संघलाई उच्च बनाउनुभयो ।

समाजवादी क्रान्तिको लागि मार्क्स, एंगेल्स, लेनिन, स्टालिन पछि कमरेड माओको निम्न योग्दान रहेको छ :

(क) कार्यदिशा र क्रान्तिको हकमाः-अर्ध सामन्ति र अर्ध औपनिवेस देशमा कुन किसिमको क्रान्ति हुने ? भन्ने प्रश्नको जवाफ कमरेड माओले दिनुभयो, "जुन मुलुक अर्ध सामन्ति अर्ध औपनिवेसिक छ त्यहाँ नयाँ जनवादी क्रान्ति हुन्छ, गर्नुपर्छ जुन कम्युनिष्ट पार्टीको सचेत नेतृत्वमा संयुक्त जनताको अधिनायकत्व हुन्छ जसूले पुँजीवादको विकास गरी समाजवादमा फड्को मार्ने छ । विश्वभरिका झण्डै ९० % मुलुकमा नयाँ जनवादी क्रान्तिको कार्यदिशा लागु हुन्छ ।

(ख) फौजी विज्ञानः- अल्पविकसित देशमा राजनीतिक कार्य दिशा नयाँ जनवादी र फौजी कार्य दिशा दीर्घकालीन जनयुद्ध (१) गाउँबाट शहर घेर्ने (२) अवैधानिक संघर्ष प्रधान वैधानिक संघर्ष सहायक र (३) स्थानीय सत्ता कब्जा गर्दै अन्तमा केन्द्रिय सत्ता लिने विशेषता भएको छापामार या गुरिल्ला युद्धवाट चलायमान युद्धमा विकास गर्ने जनयुद्ध रक्षा, सन्तुलन र प्रत्याक्रमणबाट अघि वढ्छ । फौजी विज्ञानको विकास कमरेड माओले गरी सन् १९४९ मा चीनमा दीर्घकालिन जनयुद्धद्वारा नयाँ जनवादी क्रान्ति गरी फौजी विज्ञान संश्लेषित गर्नु भयो ।

(ग) समाजवादलाई विकास गर्नुः- सन् १९५७ बाट चीनलाई नयाँ जनवादबाट समाजवादमा फड्को मारी अघि बढाउनुभयो । सन् १९५४ मा कमरे स्टालिनको मृत्यु पछि रुसी समाजवाद नयाँ संशोधनवादी बन्न गएकोले माओले पुँजीवाद, समाजवाद र साम्यवादमा समाजवादबाट रुसी कम्युनिष्ट पार्टी बिचलित भई संशोधनवादी भएकोले समाजवादमा क्रान्तिमा निरन्तरता (वर्ग संघर्ष, उत्पादनमा संघर्ष, वैज्ञानिक प्रयोग र सर्वहारा सांस्कृतिक क्रान्ति) क्रान्ति संचालन नभएकोले समाजवादबाट पुँजीवादमा फर्कियो, त्यसलाई रोक्न कमरेड माओले निरन्तर क्रान्ति सञ्चालन गर्नु पर्छ भन्दै कमरेड माओले चीनमा सन् १९६६ देखि १९७६ सम्म सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गरी समाजवादको रक्षा र विकास गर्नुभयो । समाजवादी दर्शनमा (१) एकको दुईमा बिभाजन (२) निरन्तर क्रान्तिको सिद्धान्त (३) छलाङ्गको सिद्धान्त (४) समाजवादी कार्यक्रमको प्रयोग (५) समाजवादी क्रान्तिमा अन्तरबिरोध बारे लगायत मार्क्स, एंगेल्स, लेनिन, स्टालिन मध्ये क. माओले विशेषत मार्क्स, लेनिन र माओ त्यसमा पनि कमरेड माओले मार्क्सवाद-लेनिनवाद-माओवादमा अहम् भूमिका निर्वाह गरी वैज्ञानिक समाजवादी धारालाई जीवन्त बनाउनुभयो । अहिले विश्वमा कतै समाजवाद नभएपनि धेरै सम्भावना बढेर गएको छ । त्यसैले वैज्ञानिक समाजवाद मार्क्सवादको प्रमुख संघटक अंग हो ।

## मोर्चाका...

र ऋषिराम कट्टेलले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै पक्राउ परेका नेताहरूको रिहाइमा पहल गरिदिन मानवअधिकारवादी संघसंस्था, सञ्चार जगत र नागरिक समाजसँग अपिल गरेका हुन । शान्तिपूर्ण सभामा सहभागी भएर विचार व्यक्त गरेको आधारमा पक्राउ गर्नु अभिव्यक्ति स्वतन्त्रता माथिको हस्तक्षेप र निरंकुश कदम भएको विज्ञप्तिमा उल्लेख छ । कार्यक्रममा नेकपा ( क्रान्तिकारी माओवादीका) स्थायी समिति सदस्य तथा मोर्चाका केन्द्रिय सदस्य रामसिंह श्रीसले क्रान्तिकारीहरूको एकताबाट सरकार तर्सिएको भन्दै नेताहरूको गिरफ्तारी सरकारको हतास मानसिकताको उपज भएको टिप्पणी गरे । उनले खुला राजनीतिमा आउन चाहेको पार्टीलाई प्रतिबन्ध लगाउनु असंम्बैधानिक रहेको बताए ।

क्रान्तिकारी शक्तिबीचको धुब्रीकरण एकताका लागि मोर्चा गठन भएको बताउदै श्रीसले जनणतन्त्रबैज्ञानिक समाजवादका पक्षमा देशैभर उभार आउने जनाए । बैकल्पिक शक्तिसंग प्रतिक्रियावदीहरू हतास भएका छन् - उनले भने- गिरफ्तारी त्यही ऋखलाको उपज हो ।

मोर्चाका अर्का केन्द्रिय सदस्य ऋषिराम शर्मा कट्टेलले नागरिकलाई स्वतन्त्रतापूर्वक आफ्नो अभिव्यक्ती राख्न समेत नदिएको भन्दै सरकारको यस्तो कदमले देशमा अर्को युद्ध निम्त्याउने बताए । नेकपाका संयोजक समेत रहेका कटटेलले मोर्चाले कम्युनिष्ट आन्दोलनलाई नयाँ दिशा दिने दावी गरे । उनले देशैभर मोर्चाले कार्यक्रम गर्दै जादाँ जनसंर्घषबाटै क्रान्तिकारी नेता कार्यकर्ता छुट्ने बताए । विप्लव नेकपालाई मात्र किन हामीलाई पनि प्रतिबन्ध लगाओस् -कट्टेलले भने - सामना गर्नका लागि संयुक्त कार्यक्रम लिएका आएका छौ ।कार्यक्रम क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य तथा प्रदेश सेक्रेटरी भुपेन्द्र न्यौपानेको संचालनमा भएको थियो ।

क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य तथा लुम्बिनी प्रदेश सेक्रेटरी प्रेम सुवेदीले भुसाललाई भेट्न आफूहरू जिल्ला प्रहरी कार्यालय भैरहवा पुगेको जानकारी दिए । जिल्ला प्रहरी कार्यालयको भैरहवामा राखिएका नेता भुषाल र उनीसँगै पक्राउ परेका केसीको अवस्था बुझ्न रणनैतिक मोर्चाका केन्द्रिय सदस्य, मानवअधिकारकर्मी, वकिल र पत्रकारको समुह जिल्ला प्रहरी कार्यालय भैरहवामा पुगे पनि भुषाललाई काठमाण्डौं पठाइएको रूपन्देहीका प्रहरी प्रमुख एसपी प्रविन पोखरेलले जानकारी गराएका थिए । भुषाल बिरुद्ध देशभर ५ बटा मुद्दा रहेको र उनलाई काठमाडौं पठाईएको एसपी पोखरेलले जानकारी दिएको मोर्चाका नेताहरूले बताएका थिए । काठमाडौं कहाँ राखिएको भन्नेबारे प्रहरी स्रोतले परिवारलाई समेत जानकारी नदिएको पारिवारिक स्रोतले जनाएको छ ।

भुसाललाई जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासी हुदै पूर्व नवलपरासीमा लगिएको बताइएको छ ।

## बुझायो...

व्यवस्था गरिदिन तथा सिँचाइ तथा डुवान र ढुवानीका समस्या हल गर्न पहल गरियोस् ।

५१. बर्षेनी बाढीबाट कटान र डुबानको समस्यालाई समाधान गर्न सम्पूर्ण नदीहरूमा तटबन्धनको निर्माण गरियोस् ।

५२. वर्षेनी पहिरोबाट हुने धन र जनको क्षति रोकथाम तथा नियन्त्रण गर्न सम्भावित क्षेत्रको पहिचान गरी समयमा नै वस्ती स्थानान्तरण वा सुरक्षाका लागि आवश्यक भूक्षय वा पहिरो रोकथामका कार्यक्रम संचालनमा ल्याईयोस् ।

५३. चुरेक्षेत्रको संरक्षण, सम्पूर्ण ऐलानी, पर्ति जमिनको संरक्षण, पोखरी तथा पानीको मुहानको संरक्षण, वन जंगलको संरक्षण र विकास गरी भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रण र वातावरण मैत्रि समाज निर्माण गरियोस् ।

५४. अनधिकृत रूपमा बालुवा, ढुँगा, खनिज, रुख आदिको कतान एवं उत्खनन्लाई नियन्त्रण गरियोस् ।

५५. वेश्यावृत्ति, क्याविन रेष्टुरेन्ट तथा डान्सबारहरूलाई प्रतिवन्ध लगाई बाध्यताबस त्यस्ता कृयाकलापमा संलग्नलाई वैकल्पीक रोजगारीको सृजना गरियोस् ।

५६. जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनीतिक घटनामा लगाइएको सम्पूर्ण मुद्दाहरू खारेज गरी जेल भित्र रहेका सम्पूर्ण आन्दोलनकारीहरूलाई तुरुन्त रिहाई गरियोस् ।

५७. सामाजिक, राजनीतिक र आर्थिक रूपमा अग्रगामी रूपान्तरणका लागि भएका विभिन्न जनसंघर्ष, जनआन्दोलन र महान जनयुद्धका सम्पूर्ण घाइते र अपाङ्ग युवाहरूको आवश्यक उपचार र व्यवस्थापनको सुनिश्चित गरियोस् ।

५८. राज्यद्वारा वेपत्ता पारिएका युवाहरूको स्थिति सार्वजनिक गरी पीडित परिवारलाई उचित व्यवस्थापन गरियोस् ।

५९. कथित अयोग्य लडाकू घोषित गरी शिविरबाट निकालिएका जनमुक्ति सेनाका योद्धाहरूद्वारा राखिएका जायज मागहरूलाई अविलम्ब प्रा गरियोस् ।

६०.साना, मझौला र राष्ट्रिय पुँजीपतिसम्मको लगानीको संरक्षण, प्रवर्द्धन र रक्षा गरियोस् ।

६१. राज्यको मातहतमा रहेका संस्थानहरूलाई निजीकरण गर्नबाट रोक लगाइयोस् ।

६२. यातायत तथा मालपोत लगायतका सरकारी कार्यालयमा हुने अनियमिततालाई रोक्ने प्रभावकारी कार्यक्रम संचालनमा ल्याइयोस् ।

६३. राज्यद्वारा भ्रष्टाचारी, तस्कर, माफियाहरूलाई गरिने संरक्षण अन्त्य गरी तिनको खोजी र डण्द सजाय दिने व्यवस्था गरियोस् । साथै, तिनीहरूका सम्पत्ति राष्ट्रियकरण गरियोस् ।

६४. कार्टेलिङ, सिन्डिकेत जस्ता गतिविधिको अन्त्य गरियोस् । साथै कालाबजारी, कृत्रिम अभाव र महंगीको तत्काल नियन्त्रण गरियोस् ।

६५.एनसेल लगायतका ठुला कम्पनीहरूसंग उठाउनु पर्ने बक्यौता रकम अबिलम्व उठाउन र अटेरी गरेमा त्यस्ता कम्पनीका सम्पत्ति जफत गरी कम्पनी बन्द गरियोस् । कर छलि गरेका कम्पनीहरूलाई टोकिएको बिगो जरिवाना कडाईपूर्वक छिटो भन्दा छिटो ओसुली गरियोस् ।

६६.खानेपानी, ढलनिकास, सडक संजाल, वट्टी, यातायात, पुल र संचार आदिको विस्तार एवं सहज पहुँचका लागि वातावरण बनाइयोस् ।

६७.लागुऔषध दुर्व्यसनमा संलग्न युवाहरूलाई श्रमसंग जोडेर सामाजिक र आर्थिकरूपमा पुर्नस्थापना गरियोस् ।

६८.समाजमा हुने बलात्कार, अमानवीय तथा आपराधिक क्रियाकलाप, विकृति र विसंगतिहरूमा फस्नबाट जोगाउनका लागि युवाहरूलाई सचेत, राष्ट्रसेवक, जिम्मेवार कर्मठ नागरिकको स्तर सम्म उठाउने कार्यक्रम लागु गरियोस् ।


**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं,**
**विदेशबाट फर्किएकाहरुलाई दुर्व्यवहार नगरौं ।**

- कोभिड-१९ रोग जो कसैलाई पनि हुन सक्दछ, संक्रमणको आशंकामा सामाजिक विभेद नगरौं ।
- आपसमा भाइचारा कायम राखौं, यस महामारबिाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
- महामारीको समयमा आपतकालीन सम्पर्क नम्बरहरू जानकारीमा राखौं ।
- कोभिड-१९ संक्रमितहरूलाई राख्ने क्वारेन्टाइन तथा आइसोलेसनको बारेमा जानकारी राखौं ।
- मनोबल उच्च राख्ने सतर्कता आपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्डसम्बन्धी सूचना सम्प्रेषण गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**रोयल बुईपा A/C जम्बो हाईस**




**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

## आलोपालो

# वैज्ञानिक समाजवाद मार्क्सवादको प्रमुख संघटक अंग



• भरत बुर्जामगर •

मार्क्सवाद अहिलेसम्मको विश्वकै सर्वोत्कृष्ट वैज्ञानिक सिद्धात, जसको तीन संघटकहरू (१) दर्शनशास्त्र (२) राजनीतिक अर्थशास्त्र र (३) वैज्ञानिक समाजवाद हुन् । मार्क्सवादको प्रणेता जर्मनीका कार्ल मार्क्स (सन् १८१८-१८८३) र फेडरिक एंगेल्स (सन् १८२०-१८९५) हुन् । हामी यहाँ समाजवादको बारेमा छलफल गर्न लागेका छौं । मानव समाजको उत्पत्ति, बिकास, त्यस भित्रका सकारात्मक तथा नकारात्मक पक्षहरूका विश्लेषणात्मक संश्लेषण तथा वर्गीय मानव समाजलाई श्रमजीवि, मेहनती, स्वावलम्वी, कर्मठ, योग्य, सभ्य व्यक्तित्वको बिकास गरी वर्गविहीन, राज्य विहीन र सत्ता विहीन समाज निर्माण गर्ने सिद्धान्तलाई वैज्ञानिक समाजवाद भनिन्छ ।

काल्पनिक साम्यवादको परिकल्पना सर्वप्रथम प्लेटोले (४८०-३४७ ईसा पूर्व) गरेका थिए । काल्पनिक समाजवादको विकास थोमसमोर (सन् १४७८-१५३५), थोमस मञ्जरे (सोह्रौ सताब्दी) आदिले युटोपिया (ल्याटीन भाषामा काल्पनिक टापु) मार्फत गरेका थिए । काल्पनिक समाजवादको अवधारणा सेन्ट साइमनले (सन् १७६०-१८२५) बिकास गरेका थिए । वैज्ञानिक समाजवादको विकास मार्क्स र एंगेल्सले गर्नु भएको हो । काल मार्क्स र एंगेल्सले गेओर्ग विल्हेल्म फेडरिक हेगेलको (सन् १७७०-१८३१) द्वन्द्वात्मक आदर्शवादबाट द्वन्द्वात्मक र लुडबिक फायरबाखको (सन् १८०४-१८७२) भौतिकवाद समायोजन गरी द्वन्द्वात्मक भौतिकवादमा विकास गर्नुभयो । उक्त द्वन्द्वात्मक भौतिकवादको प्रायोगिक व्याख्यालाई ऐतिहासिक भौतिकवाद भनिन्छ । ऐतिहासिक भौतिकवादमा मार्क्सले समाज विकासको वर्णन क्रमवद्ध तरिकाले द्वन्द्वान्तमक भौतिकवादी सिद्धान्तको आधारमा एतिहासिक भएको परिवर्तन भौतिक तथा आर्थिक कारणबाट भएको भनेर गर्नु भएको छ । ऐतिहासिक भौतिकवामा मार्क्सले समाज विकासको क्रम ६ भागमा विभाजन गरी व्याख्या गर्नु भएको छ। जस अनुसार (१) आदिम साम्यवाद (२) दासयुग (३) सामन्ति युग (४) पुँजीवाद (५) समाजवाद र (६) साम्यवाद हुन् । समाजवाद भनेको पुँजीवादी युग पछिको सर्वहारा वर्गले बल प्रयोगद्वारा सत्ता हातमा लिएपछि सर्वहारा वर्गको अधिनायकत्व भएको राज्य व्यवस्था हो जुन साम्यवाद भन्दा अगिको चरण हो । त्यसको विकासले समाजवाद साम्यवादमा जानेछ ।

सामाजवाद युटोपियन र वैज्ञानिक गरी २ प्रकारका छन् । सामन्ति पुँजीवादी र संसोधनवादीहरूले प्रयोग गर्ने काल्पनिक समाजवाद हो भने सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले प्रयोग गर्ने वैज्ञानिक सामाजवाद हो । युटोपिया एउटा वाद थियो जस्को प्रतिवाद चार्टरवाद (मजदुर आन्दोलन) थियो, त्यसपछि वाद, प्रतिवादको सम्वाद वैज्ञानिक सामाजवाद बन्यो जुन विज्ञानले झैं सिद्धान्त (वाद) र व्यवहार दुवैलाई आवश्यक सम्झन्छ । ऐतिहासिक भौतिकवाद अनुसार मानवको उत्पत्ति पछि विकास भएको सुरुको युग जंगली युग आदिम साम्यवादी समाज थियो जहाँ अहिले जस्तो सबै कुरामा भेदभाव थिएन सबैमा समानता थियो र सबैले प्रकृति सित संघर्ष गरी अघि बडिरहेको थियो । बिकासको क्रममा श्रम विभाजनले आदिम साम्यवाद समाप्त भई दास र मालिक दुई विरोधि वर्गहरू रहेको दास युग जुन मालिकको अधिनमा दासहरू रहन पर्ने व्यवस्था आयो । भिन्न स्वार्थ *बाँकी ७ पेजमा*

## संसदीय....

विप्लवका राजनैतिक समस्या दमनबाट होइन राजनैतिक रूपमैं हल गर्न ओली र प्रचण्डबाट त्यो संभव नभएको बताए ।

अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष डा.ओम गुरुङले तथा लुम्बिनी प्रदेश समितिका सचिव भुपेन्द्र न्यौपानेको अध्यक्षता,वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य राजकुमार हिममाङको सञ्चालन चार कम्युनिष्ट पार्टीका नेता कार्यकर्ता बैचारिक रूपमा समेत नजिक हुन थालेका हुन् । रणनैतिक मोर्चा हुदैं पार्टी एकता सम्म गर्ने यी चार पार्टी मध्ये



आग्रह गरे। त्यस्तै नेकपाका संयोजक ऋषिराम कट्टेलले सरकारले विप्लवमाथि लगाएको प्रतिवन्ध जनताले खारेज गरेको बताए । संसदीय व्यवस्था रहेसम्म मुलुकले निकास नपाउने बताउदैं उनले कम्युनिष्टको नाममा ओली-प्रचण्ड ठग भएको टिप्पणी गरे। वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालका संयोजक विश्वभक्त दुलाल आहुतिले मुलुकमा व्यक्तिमा होइन दलाल पूजिवादी संसदीय व्यवस्थामा संकट उत्पन्न भएको बताए । रणनैतिक संयुक्त मोर्चाका सदस्य भेषराज भुसालले जनताले क्रान्ति र विकल्प खोजेको भन्दैं कम्युनिष्टको नाममा ओली र प्रचण्डले जनतामा भ्रममा पारेको भन्दैं संसदीय व्यवस्थाका विरुद्ध उत्पीडित जाति-समुदाय क्रान्तिमा गोलवन्द हुन आग्रह गरे ।

कार्यक्रममा राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनीले जनमुक्ति सेना बुझाएकै दिनबाट प्रतिगमन भएको भन्दै विप्लवलाई सडकमा आउन आब्हान गरे । वामपन्थी नेता शसिधर भण्डारी,माक्सवादी विचार मञ्चका सचिव बिनबहादुर कुंवर,नागरिक समाजका पदमबहादुर कार्की लगायतले बोल्दैं संसदीय व्यवस्थाको विकल्पमा जानुपर्नेमा जोड दिए । कार्यक्रम नेकपा क्रान्तिकारी माओवादी पोलिटब्युरो सदस्य तथा नेकपाका सहसंयोजक अम्बिका थैबको स्वागतमा सम्पन्न भएको थियो । कार्यक्रममा कान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य प्रेम सुवेदी, धनेश्वर पोखरेल लगायत मोर्चाका नेताहरू समेत सहभागी थिए। कार्यक्रममा जनकलाकारहरूले नेतृ तथा थारु संस्कृतिको झाकी प्रर्दशन गरेका थिए ।

नयाँ जनवादी कार्यक्रम र बैज्ञानिक समाजवादको रणनीतिका एक भएका यी चार पार्टीले माघ २९ गते रणनैतिक संयुक्त मोर्चा बनाएपछि यी दलका नेता कार्यकर्ता उत्साहित भएका छन् । संसद बिघटन पछिको घटनालाई संसदीय ब्यवस्थाको असफलता भन्दै आएका विप्लव नेतृत्वको नेकपालाई सरकारले प्रतिबन्ध लगाएको छ ।

### मोर्चाका नेता भुसाल पक्राउ , पक्राउको निन्दा

रणनैतिक संयुक्त मोर्चाको जनसभालार्य सम्बोधन गरेर फर्कने क्रममा मोर्चाका सदस्य भेषराज भुसाललाई बुटवलको मिलन चोकबाट प्रहरीले पक्राउ गरेको छ। मोर्चाको जनसभामा सहभागी भएर फर्कने क्रममा नेता भुसाललाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ प्रति मोर्चा आबद्ध दलले आफ्नो धारणा सार्वजनिक गर्ने मोर्चाका नेता राम सिं श्रीसले जानकारी दिए । पक्राउ प्रति हामी घोर आपति तथा निन्दा ब्यक्त गर्छौं - श्रीसले भने ।









**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।